कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र
बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९) बमोजिम काम कारोवार गर्ने ईजाजतपत्र प्राप्त
रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड

Reliable Life INSURANCE LTD.


नेपाल बीमा प्राधिकरणवाट जीवन बीमाको कार्य गर्न इजनजतपत्र प्राप्त संस्था
रजिष्टर्ड कार्यालय : का.म.न.पा.वडा नं. ३०, ज्ञानेश्वर, काठमाण्डौं ।
फोन नं.: ४५२३६१८/४५२३६३० फ्याक्स नं.: ४५२३६५७
URL: www.reliablelife.com.np, E-mail: info@reliablelife.com.np

को

# विवरण-पत्र

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

कम्पनीले आफ्नो जारी पूँजी रु.४ अर्बको ३०% प्रतिशतले हुन आउने रकम रु.१,२०,००,००,०००।– (अक्षरेपी एक अर्ब बीस लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।– दरमा प्रिमियम वापत रु.१५७।– (अक्षरेपी एक सन्ताउन्न मात्र) थप गरी जम्मा मूल्य रु.२५७।– (अक्षरेपी दुई सय सन्ताउन्न मात्र) (कर्मचारीहरुलाई छुट्टाईने ६,००,००० कित्ता अंकित मुल्यमा) मा १,२०,००,००० कित्ता साधारण शेयरको दश प्रतिशत (१०%) अर्थात १२,००,००० (अक्षरेपी बाह्र लाख मात्र) कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको, पाँच प्रतिशत (५%) अर्थात ६,००,००० (अक्षरेपी छ लाख मात्र) कित्ता शेयर सामूहिक लगानी कोष (५%) को लागि छुट्याइएको, ५ (पाँच) प्रतिशत अर्थात ६,००,००० (अक्षरेपी छ लाख मात्र) कित्ता शेयर कम्पनीको मिति २०७९/०७/०६ गते बसेको वार्षिक साधारण सभाबाट पारित भए बमोजिम प्रति शेयर अंकित मूल्य रु.१००।– को दरले कम्पनीका कर्मचारीहरुको लागि सुरक्षित गरी बाँकी रहने ९६,००,००० (अक्षरेपी छयानब्बे लाख मात्र) कित्ता साधारण शेयरहरुको प्रारम्भिक सार्वजनिक निष्काशन गरिने ।
साथै, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको शेयर सम्पूर्ण बिक्री नभएमा बिक्री नभए बराबरको शेयर समेत समायोजन गरी सर्वसाधारण (सामूहिक लगानी कोष तथा कम्पनीका कर्मचारीहरुमा समेत) मा निष्काशन गरिने छ ।

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | आ. व.०७९/०८० चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरण* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ. व. ०७६/०७७ | आ. व. ०७७/०७८ | आ. व. ०७८/०७९ | | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १२३.३२ | १४१.०३ | १६२.२९ | १५३ | १४८.९९ | १५७.४६ | १७५.७० |
| प्रति शेयर आम्दानी (रु.) | १७.०६ | १७.६६ | २४.४६ | १३.६१ | १९.१२ | १४.२३ | १८.२४ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | २,८५,५९० | ५,०६,०३३ | ७,३९,१०० | १०,२४,८३६ | १२,००,७२१ | ८४२,००० | १६५३,५४८ |

*कम्पनीको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरणमा आधारित

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु.१००।- मा प्रिमियम रकम रु.१५७– थप गरी जम्मा मूल्य रु.२५७– को दरले शतप्रतिशत् भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग. ८** (पेज नं. २४) मा उल्लेखित जोखिमहरु समेत अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

यस कम्पनीको संस्थापक तथा सञ्चालकहरु र संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले यस विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन्।

**यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरुमध्ये कर्मचारीहरुलाई छुट्टयाइएको शेयर सर्वसाधारणमा बाँडफाँट भएको मितिले ३ (तीन) बर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन।**

**निष्काशनकर्ता कम्पनीको रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको **Issuer Rating** गर्नु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट **Issuer Rating** गराईएको र कम्पनीले "**[CARE-NP BBB + [Triple B+ (Issuer)]**" प्रमाणपत्र प्राप्त गरेको छ । "CARE – NP BBB+ (Is)" रेटिङ्गले समयमानै वित्तीय दायित्व पुरा गर्न सक्षम रहेको मध्यमस्तरको सुरक्षित कम्पनी जनाउने र यस्तो कम्पनीले मध्यमस्तरको क्रेडिट जोखिम वहन गर्न सक्दछ (Issuers with this rating are considered to offer moderate degree of safety regarding timely servicing of financial obligations, in Nepal. Such issuers carry moderate credit risk)। केयर रेटिङ्ग नेपाल लि. ले **CARE-NP AAA (Is)** देखि **CARE-NP D (Is)** सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा **"CARE-NP AAA(Is)"** ले समयमा नै वित्तीय दायित्व पूरा गर्न सक्षम रहेको उच्चस्तरको सुरक्षित कम्पनी जनाउँछ भने **"CARE-NP D (Is)"** ले समयमा नै वित्तीय दायित्व पूरा गर्न नसक्ने जोखिमयुक्त रहेको कम्पनी जनाउँछ ।

**Issuer Rating प्रदान गरेको मिति** : २०८०/०३/०४ (तदनुसार १९ जुन, २०२३) बहाल रहने अवधि २०८१/०२/२८ (तदनुसार जुन १०, २०२४)

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८०/३/१५ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०८०/०३/१७

| सर्वसाधारणहरु कालागि धितोपत्र निष्काशन खुल्ला हुने मिति : | | | |
|---|---|---|---|
| **दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या :** | **१० कित्ता** | धितोपत्र निष्काशन खुल्ला हुने मिति: | **२०८०/०४/२३ गते** |
| दरखास्त दिन पाउने अधिकत्तम शेयर संख्या: | **५,४०० कित्ता** | निष्काशन बन्द हुने मिति (छिटोमा) : | **२०८०/०४/२६ गते (बैकिङ्ग समय पश्चात)** |
| | | निष्काशन बन्द हुने मिति (ढिलोमा) : | **२०८०/०५/०५ गते (बैकिङ्ग समय पश्चात)** |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

सिभिल क्यापिटल मार्केट लि.
Civil Capital Market Ltd.
Estd. 2008
Civil Capital Market Ltd.
6th Floor, CTC Mall, Sundhara, Kathmandu
Tel. 4262303, 4261251
Email : ccm@civilcapital.com.np
website : www.civilcapitalmarket.com

**ख १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

(क) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले सिभिल क्यापिटल मार्केट लिमिटेडलाई सम्झनु पर्दछ ।

(ख) **"संकलन केन्द्र"** नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई वा सार्वजनिक निष्काशनका लागि तयार गरिएका विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारमका साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ ।

(ग) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(घ) **"नियमन निकाय"** भन्नाले नेपाल बीमा प्राधिकरणलाई सम्झनु पर्दछ ।

(ङ) **"संगठित संस्था"** भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानुन बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्दछ ।

(च) **"कम्पनी"** भन्नाले निष्काशन कम्पनी रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडलाई सम्झनु पर्दछ ।

(छ) **"कम्पनीका कर्मचारीहरु"** भन्नाले रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडका पदाधिकारीहरु लगायतका कर्मचारीहरु सम्झनु पर्दछ ।

(ज) **"निष्काशन बैंक"** भन्नाले यस निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ ।

(झ) **"संस्थापक"** भन्नाले रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडका संस्थापकलाई सम्झनु पर्दछ ।

(ञ) **"सञ्चालक"** भन्नाले रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको सञ्चालकलाई सम्झनु पर्दछ ।

(ट) **"कार्यकारी प्रमुख"** भन्नाले रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) **"व्यवस्थापन"** भन्नाले रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड कम्पनी लिमिटेडको व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ड) **"विवरणपत्र"** भन्नाले संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अघि धितोपत्र ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशन गर्नुपर्ने विवरणपत्र सम्झनु पर्दछ ।

(ढ) **"वित्तीय विवरण"** भन्नाले कम्पनीको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरणलाई सम्झनु पर्दछ ।

(ण) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पूनर्मूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

(त) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भाग फललाई जनाउँदछ ।

(थ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउदँछ ।

(द) **"आधारभूत शेयरधनी"** भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशतभन्दा बढी शेयर धारण गरेका शेयरधनीलाई सम्झनुपर्दछ ।

(ध) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी कोषहरुलाई सम्झनुपर्छ ।

(न) **"विप्रेषण (रेमिटचान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरीद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता सम्झनु पर्दछ ।

(प) **"जीवन बीमा"** भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको उमेरको आधारमा एकमुष्ठ वा किस्ताबन्दीमा कुनै खास रकम बुझाएमा निज वा निजले अख्तियारी दिएको व्यक्तिले वा निजको मृत्यु भएको अवस्थामा बीमालेखमा उल्लेख भए बमोजिम निजले अख्तियारी दिएको व्यक्ति वा निजले इच्छाएको व्यक्ति वा निजको हकवालाले कुनै खास रकम पाउने गरी बीमकले बीमितसँग गरेको करारलाई सम्झनु पर्दछ ।

(फ) **"प्रिमियम मुल्य"** भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २५(क) वमोजिमको मुल्यलाई सम्झनु पर्छ ।

## ख २. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

### (क) विवरणपत्र प्राप्त गर्ने स्थान

| क्र.सं. | कम्पनीको नाम र ठेगाना |
|---|---|
| १. | सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसि मल, सुन्धारा, काठमाण्डौ । |
| २. | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, वडा नं. ३०, ज्ञानेश्वर, काठमाण्डौं । |

साथै, निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.civilcapitalmarket.com, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.reliablelife.com.np र नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नुहुनेछ ।

**सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट आवेदकहरुले आवेदन गर्न सक्नेछन् ।

**ग १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशन कम्पनी रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग २. संगठित संस्थाको उद्घोषण :**

**(क) सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्रदर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नु पर्नेछ ।

**(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानुन अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७८/०७९ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको मिति २०८०/०३/०४ को पत्रानुसार यस कम्पनी आ.व. २०७९ असार मसान्तसम्म अद्यावधिक रहेको छ ।

**घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस लाइफ इन्स्योरेन्स कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत, यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

५. यस लाइफ इन्स्योरेन्स कम्पनीको सञ्चालक र प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी हुन अयोग्य रहेका छैनन् ।

**ग ३. संगठित संस्था सम्बन्धी जानकारी :**

**क. संगठित संस्थाको पृष्ठभूमी :**

**(क) संस्थाको नाम**: रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड (Reliable Nepal Life Insurance Limited)

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भई बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) र बीमा नियमावली, २०४९ बमोजिम जीवन बीमा व्यवसायको कारोबार गर्ने ईजाजतपत्र प्राप्त संस्था हो ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय वागमती प्रदेश, का.म.न.पा. वडा नं. वडा नं. ३०, ज्ञानेश्वर काठमाण्डौंमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान:** यस कम्पनीको रजिष्टर्ड कार्यालय वागमती प्रदेश, का.म.न.पा. वडा नं. वडा नं. ३०, ज्ञानेश्वर काठमाण्डौंमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित निकायको स्वीकृति लिई स्वदेश भित्र शाखा तथा उपशाखा कार्यालय स्थापना गरी कारोबार गर्न सकिने व्यवस्था रहेको र कम्पनीले मिति २०८०/०२/१७ गतेसम्ममा देहायमा उल्लेख भए अनुसार ८२ वटा शाखा कार्यालयहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आइरहेको छ ।

| क्र.स. | शाखा कार्यालयको नाम र ठेगाना | जिल्ला | प्रदेश |
|---|---|---|---|
| १ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, सिन्धुलीमाढी | सिन्धुली | बागमती प्रदेश |
| २ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, मलंगवा | सर्लाही | मधेश प्रदेश |
| ३ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, राजविराज | सप्तरी | मधेश प्रदेश |
| ४ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, दमक | झापा | प्रदेश १ |
| ५ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, खाँदबारी | संखुवासभा | प्रदेश १ |
| ६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, जलेश्वर | महोत्तरी | मधेश प्रदेश |
| ७ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, चौतारा | सिन्धुपाल्चोक | बागमती प्रदेश |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, चन्द्रनिगाहपुर | रौटहट | मधेश प्रदेश |
| ९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, गोठालापानी | बैतडी | सूदुरपश्चिम प्रदेश |
| १० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, तुफानडाँडा | डडेलधुरा | सूदुरपश्चिम प्रदेश |
| ११ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, गोरखाबजार | गोरखा | गण्डकी प्रदेश |
| १२ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, रमाईलो डाँडा | ओखलढुंगा | प्रदेश १ |
| १३ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, सल्लेरी | सोलुखुम्बु | प्रदेश १ |
| १४ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, ईटहरी | सुनसरी | प्रदेश १ |
| १५ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, चरीकोट | दोलखा | बागमती प्रदेश |
| १६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, मेलम्ची | सिन्धुपाल्चोक | बागमती प्रदेश |
| १७ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, त्रिशुली | नुवाकोट | बागमती प्रदेश |
| १८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, लम्की | कैलाली | सूदुरपश्चिम प्रदेश |
| १९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, एजेन्सी कार्यालय, प्यूठान | प्यूठान | लुम्बिनी प्रदेश |
| २० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, बझाङ्ग | बझाङ्ग | सूदुरपश्चिम प्रदेश |
| २१ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, पुतलीसडक | काठमाण्डौं | बागमती प्रदेश |
| २२ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, पोखरा | कास्की | गण्डकी प्रदेश |
| २३ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, बुटवल | रुपन्देही | लुम्बिनी प्रदेश |
| २४ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, नारायणगढ | चितवन | बागमती प्रदेश |
| २५ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, नेपालगञ्ज | बाँके | लुम्बिनी प्रदेश |
| २६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, धनगढी | कैलाली | सूदुरपश्चिम प्रदेश |
| २७ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, विराटनगर | मोरङ्ग | प्रदेश १ |
| २८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, विर्तामोड | झापा | प्रदेश १ |
| २९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, चावहिल | काठमाण्डौं | बागमती प्रदेश |
| ३० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, कलंकी | काठमाण्डौं | बागमती प्रदेश |
| ३१ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, बालाजु | काठमाण्डौं | बागमती प्रदेश |
| ३२ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, कोटेश्वर | काठमाण्डौं | बागमती प्रदेश |
| ३३ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, जावलाखेल | ललितपुर | बागमती प्रदेश |
| ३४ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, भक्तपुर | भक्तपुर | बागमती प्रदेश |

| | | | |
|---|---|---|---|
| ३५ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, बनेपा | काभ्रे | बागमती प्रदेश |
| ३६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, मन्थली | रामेछाप | बागमती प्रदेश |
| ३७ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, बर्दिवास | महोत्तरी | मधेश प्रदेश |
| ३८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, जनकपुर | धनुषा | मधेश प्रदेश |
| ३९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, धरान | सुनसरी | प्रदेश १ |
| ४० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, लाहान | सिराहा | मधेश प्रदेश |
| ४१ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, वीरगञ्ज | पर्सा | मधेश प्रदेश |
| ४२ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, कावासोती | नवलपुर | गण्डकी प्रदेश |
| ४३ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, भैरहवा | रुपन्देही | लुम्बिनी प्रदेश |
| ४४ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, चन्द्रौटा | कपिलवस्तु | लुम्बिनी प्रदेश |
| ४५ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, तम्घास | गुल्मी | लुम्बिनी प्रदेश |
| ४६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, घोराहि | दाङ | लुम्बिनी प्रदेश |
| ४७ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, महेन्द्रनगर | कञ्चनपुर | सूदुरपश्चिम प्रदेश |
| ४८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, वेंसीशहर | लमजुङ्ग | गण्डकी प्रदेश |
| ४९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, धादिङ्गवेसी | धादिङ्ग | बागमती प्रदेश |
| ५० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, दमौली | तनहुँ | गण्डकी प्रदेश |
| ५१ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, बाग्लुङ्ग | बाग्लुङ्ग | गण्डकी प्रदेश |
| ५२ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, इलाम | इलाम | प्रदेश १ |
| ५३ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, गुलरिया | बर्दिया | लुम्बिनी प्रदेश |
| ५४ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, सुर्खेत | सुर्खेत | कर्णाली प्रदेश |
| ५५ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, दिक्तेल | खोटाङ्ग | प्रदेश १ |
| ५६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, हेटौंडा | मकवानपुर | बागमती प्रदेश |
| ५७ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, गाईघाट | उदयपुर | प्रदेश १ |
| ५८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, भोजपुर | भोजपुर | प्रदेश १ |
| ५९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, किर्तिपुर | काठमाण्डौं | बागमती प्रदेश |
| ६० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, थानकोट | काठमाण्डौं | बागमती प्रदेश |
| ६१ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, जोरपाटी | काठमाण्डौं | बागमती प्रदेश |
| ६२ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, टिकापुर | कैलाली | सूदुरपश्चिम प्रदेश |
| ६३ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, भुरीगाउँ | बर्दिया | लुम्बिनी प्रदेश |
| ६४ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, एजेन्सी कार्यालय, आईविआरडि | कैलाली | सूदुरपश्चिम प्रदेश |
| ६५ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, धनकुटा | धनकुटा | प्रदेश १ |
| ६६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, कोहलपुर | बाँके | लुम्बिनी प्रदेश |
| ६७ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, अत्तरिया | कैलाली | सूदुरपश्चिम प्रदेश |
| ६८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, टाँडी | चितवन | बागमती प्रदेश |
| ६९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, वालिङ्ग | स्याङ्गजा | गण्डकी प्रदेश |
| ७० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, कुश्मा | पर्वत | गण्डकी प्रदेश |
| ७१ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, भुमही | नवलपरासी | लुम्बिनी प्रदेश |
| ७२ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, दुलेगौंडा | तनहुँ | गण्डकी प्रदेश |
| ७३ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, हात्तिगौंडा | काठमाण्डौं | बागमती प्रदेश |
| ७४ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, इनरुवा | सुनसरी | प्रदेश १ |
| ७५ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, लेखनाथ | कास्की | गण्डकी प्रदेश |
| ७६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, मणीग्राम | रुपन्देही | लुम्बिनी प्रदेश |
| ७७ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, मिर्चैया | सिराहा | मधेश प्रदेश |
| ७८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, वेनी | म्याग्दी | गण्डकी प्रदेश |
| ७९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, तानसेन | पाल्पा | लुम्बिनी प्रदेश |
| ८० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, तार्केश्वर | काठमाण्डौं | बागमती प्रदेश |
| ८१ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, तुल्सीपुर | दाङ | लुम्बिनी प्रदेश |
| ८२ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, शाखा कार्यालय, आबुखैरेनी | तनहुँ | गण्डकी प्रदेश |

(२) **सम्पर्क कार्यालयः** नभएको

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मूख्य उद्देश्यहरु :**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०८/१८ गते नेपाल सरकार, कम्पनी रजिष्ट्ररको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भई मिति २०७४/०४/१८ मा यस रिलायवल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. ले कारोबार गर्न स्वीकृति प्राप्त भएको हो । बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) तथा बीमा नियमावली, २०४९ अनुसार नेपाल बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) बाट जीवन बीमा व्यवसाय गर्ने बीमकको ईजाजतपत्र मिति २०७४/०४/१८ (तदनुसार २ अगष्ट, २०१७) मा प्राप्त गरी मिति २०७४/०५/१६ गतेदेखि जीवन बीमा व्यवसाय गर्दै आईरहेको छ । यस कम्पनीका प्रबर्द्धकहरुमा ग्लोबल आइएमई बैंक लि.(तत्कालिन रिलायवल डेभलपमेन्ट बैंक लि.), प्रभु बैंक लि. (साविक सेन्चुरी कमर्सियल बैंक लिमिटेड) तथा नेपालका प्रतिष्ठित उद्योगी, व्यवसायी, बैंकर, अर्थशास्त्री लगायतका प्रबुद्ध व्यक्तित्वहरु रहेका छन् । यस कम्पनीले स्थापनाकालदेखि नै मुनाफा आर्जन गर्न सफल भएको छ । कम्पनीको मुख्य उद्देश्य नेपालमा प्रतिष्ठित बीमा कम्पनीको रुपमा स्थापित भई बीमा सेवा उपलब्ध गराउनुका साथै बीमितहरु तथा कम्पनीका लगानीकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्ने र कम्पनीमा कार्यरत कर्मचारीहरुको दक्षता अभिवृद्धि गरी बीमा बजारको क्षेत्रमा एक अग्रणी बीमा कम्पनीको रुपमा अगाडि बढाउनु रहेको छ ।

बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) र बीमा नियमावली, २०४९ को अधिनमा रही कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेखित मुख्य उद्देश्यहरु देहाय बमोजिम व्यवस्था गरिएको छ :

(क) आजीवन बीमा, सावधिक जीवन बीमा, म्यादी जीवन बीमा लगायत जीवन बीमा सम्बन्धी अन्य कार्यहरु गर्ने गराउने ।
(ख) सबै किसिमका जीवन बीमा तथा जीवन बीमाको पुरक करारको रुपमा बीमा गर्ने गराउने ।
(ग) बीमा व्यवसायबाट प्राप्त भएको जीवन बीमा शुल्क बापतको रकम प्रचलित कानुन बमोजिम स्वीकृति लिनु पर्नेमा लिई विभिन्न क्षेत्रमा लगानी गर्ने ।
(घ) जीवन बीमा तथा यसको आवश्यकता र महत्व सम्बन्धमा प्रचार प्रसार तथा चेतनामूलक प्रशिक्षण लगायत आवश्यक कार्य गर्ने ।
(ङ) सामाजिक तथा आर्थिक कारणले उत्पन्न हुने जीवन बीमा क्षेत्रमा आवश्यकताहरु पूर्ति गर्ने ।
(च) बीमा सम्झौता गरे बापत प्राप्त भएको रकम विभिन्न क्षेत्रमा लगानी गर्ने तथा असुली गर्ने ।
(छ) बीमा अभिकर्ता, दलाल तथा दावी फर्स्यौटकर्ता नियुक्त गर्ने गराउने ।
(ज) जीवन बीमा तथा पुनर्बीमा व्यवसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसँग सहकार्य गर्ने ।
(झ) जीवन बीमा क्षेत्रका अन्य कार्यहरु गर्ने ।

**कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु निम्नानुसारका रहेका छन् :**

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरीद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।
(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने ।
(ग) कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।
(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने ।
(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेञ्चर खरीद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।
(च) अन्य आवश्यक कुराहरु

१. कम्पनीको उद्देश्यसँग मिल्दोजुल्दो उद्देश्य भएका स्वदेशी तथा स्वीकृति लिई विदेशी व्यक्ति, फर्म वा कम्पनी वा संघ सस्थाहरुसँग सयुक्त रुपमा काम गर्ने ।
२. कम्पनीको व्यवसाय बढाउने उद्देश्यले देश विदेशमा प्रचार प्रसारको लागि विभिन्न सञ्चार माध्यम मार्फत वा वेभसाइट निर्माण गरी विज्ञापन गर्ने ।
३. कम्पनीको कुनै उद्देश्यको निमित्त सरोकारवाला अधिकारीसँग सम्झौता गरी त्यस्ता अधिकारीबाट सहुलियत वा सुविधा प्राप्त गर्न, त्यसलाई चालु गर्ने र त्यसलाई प्रयोग गर्ने ।
४. कम्पनीले आफ्नो काम र व्यवसायलाई आवश्यक तथा लाभदायक सम्झेमा कुनै चल वा अचल सम्पत्ति वा विशेषाधिकार, लाइसेन्स सहुलियत आदि किन्ने वा लिजमा प्राप्त गर्ने वा बेचविखन गर्ने वा पुन ठेक्कामा दिने ।

५. कम्पनीलाई तुरुन्त दरकार नपरेको रुपैया उचित देखिएको तरिका वा शर्तमा समय समयमा लगानी गर्ने र त्यस्ता लगानीलाई हेरफेर गर्ने तथा असुल उपर गर्ने ।
६. कम्पनीको प्रयोजनको निमित्त आवश्यक जेथा धितो राख्ने वा विना धितोमा ऋण उठाउने ।
७. नेपाल सरकार तथा अन्य निकायहरुबाट प्राप्त हुन सक्ने सहयोगको नियमानुसार माग गर्ने ।
८. कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशिनरी भवन लगायत सबै प्रकारको सम्पत्तिहरुको बीमा गराउने ।
९. कम्पनीको नामबाट बिल अफ एक्सचेन्ज, प्रोमिशरी नोट, चेक आदि जारी गर्न दरपिठ गर्न भुक्तानी लिने, दिने, एल.सि. खोल्ने ।
१०. कम्पनीको व्यपारिक हित संरक्षणको लागि डिजाईन र ट्रेडमार्क दर्ता गरी हक अधिकारी उपयोग गर्ने ।
११. कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने ।
१२. कम्पनी ऐन, २०६३ को अधिनमा रही सञ्चालक समितिले उपयुक्त देखेमा निर्णय गरेका अन्य आवश्यक कामहरु गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

(१) **सहायक कम्पनीको नाम :** रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लि.

(२) **सहायक कम्पनीको इतिहास र मुख्य उद्देश्य :**

रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लि. कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्टार कार्यालयको दर्ता नं. २७३२५९/०७८/०७९ बमोजिम मिति २०७८ साल आश्विन १० गतेका दिन दर्ता गरिएको कम्पनी हो । यस कम्पनीमा रिलायबल नेपाल लाइफ नेपाल इन्स्योरेन्स लिमिटेडको १०० प्रतिशत लगानी रहेको छ ।

यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित उद्देश्य तपसील बमोजिम रहेका छन् :

१. कृषिसँग सम्बन्धित उद्योग तथा सेवाहरु जस्तै : कोल्ड स्टोरेज निर्माण तथा सञ्चालन, कृषि बजार निर्माण र सञ्चालन गर्ने, गराउने ।
२. सम्पत्ति व्यवस्थापनका कार्यहरु जस्तैः नेपाल सरकार, कुटनैतिक नियोग, स्वदेशी तथा विदेशी संघ संस्था, बैंक तथा वित्तीय संस्थाहरुको चल अचल सम्पत्तिहरुमा लगानी गर्ने, आवश्यक सम्पत्ति व्यवस्थापनको कार्य गर्ने गराउने ।
३. किफायति र सर्वसाधारणको पहुँच हुने खालको हाउजिङ्ग कोलोनीहरुको निर्माण तथा बिक्री वितरण गर्ने गराउने ।
४. उर्जा क्षेत्र जस्तैः जलविद्युत, वायु उर्जा, सौर्य उर्जा जस्ता आयोजनाहरु निर्माण गर्ने, सञ्चालन गर्ने तथा त्यस्ता योजनाहरुमा लगानी गर्ने ।
५. प्रचलित कानुनको अधिनमा रही विभिन्न कम्पनीहरुको स्थापना गर्ने तथा सस्थापक र विभिन्न खालका शेयर तथा डिबेञ्चरहरुका लगानी तथा खरिद बिक्री गर्ने ।
६. भौतिक पूर्वाधार जस्तैः जलविद्युत जस्ता ठूला आयोजनाहरुको वित्त व्यवस्थापनको लागि भेञ्चर क्यापिटल मार्फत लगानी रकम व्यवस्थापन गर्ने गराउने ।
७. प्रचलित कानुन भित्र रही बुट (द्यइइत) मोडल अन्तर्गत भौतिक पूर्वाधारको निर्माण, सञ्चालन तथा लगानी गर्ने ।
८. कमर्शियल कम्प्लेक्स, कोलोनी, अपार्टमेन्ट, डिपार्टमेन्टल स्टोरहरु, व्यापारिक केन्द्रहरुमा शेयर लगानी गर्ने, निर्माण गर्ने, सञ्चालन गर्ने, बिक्री साथै भाडा लगाउने तथा रियल स्टेट सम्बन्धि अन्य व्यवसायहरु गर्ने गराउने ।
९. विदेशी लगानीकर्ताहरुको सहकार्यमा नेपालभित्र सञ्चालन हुने विद्युत, भौतिक पूर्वाधार जस्ता आयोजनाहरुमा लगानी गर्ने, परामर्श सम्बन्धी सेवा प्रदान गर्ने ।
१०. व्यवस्थापन, प्राविधिक लगानी, धितोपत्र, पूँजी व्यवस्थापन तथा कोष व्यवस्थापन सेवा प्रदान गर्ने ।
११. निर्माण सामाग्रीहरुको उत्पादन र लगानी सम्बन्धी कार्य गर्ने गराउने ।
१२. सम्पत्तिको लिजिङ्ग (पट्टा) सम्बन्धी व्यवसाय गर्ने गराउने ।

१३. निर्माण सामग्री जस्तै : बालुवा, गिट्टी, सिमेन्ट, चुनढुङ्गा लगायतका खानी तथा खनिज जन्य उद्योग सञ्चालन गर्ने गराउने ।
१४. कम्पनीले विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ अनुसार प्राइभेट इक्विटी फण्ड, भेञ्चर क्यापिटल फण्ड र हेज फण्ड सम्बन्धी सम्पूर्ण काम गर्ने ।
१५. धितोपत्र बोर्डबाट जारी बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को अधिनमा रही बुक बिल्डिङ्ग सम्बन्धी कार्य गर्ने ।
१६. भेञ्चर क्यापिलटको रुपमा शुरुवाती (Startup) प्राइभेट कम्पनी, पब्लिक कम्पनी र व्यक्तिलाई शेयरको रुपमा पूँजी लगानी/प्रदान गर्ने ।
१७. विभिन्न उत्पादनशील क्षेत्रहरुमा लगानी गर्ने तथा उत्पादित वस्तुहरुको बजार व्यवस्थापन तथा बिक्री वितरण गर्ने ।
१८. विभिन्न क्षेत्रहरुमा परामर्श सम्बन्धी सेवा प्रदान गर्ने ।
१९. दोस्रो बजार मार्फत विभिन्न कम्पनीहरुको शेयर खरिद बिक्री गर्ने ।
२०. बैंक तथा वित्तीय संस्थाहरुले नन-पर्फरमेन्स एसेस्टेस (NPA) र नन-बैंकिङ्ग एसेस्ट्स (NBA) तथा घरजग्गाको खरिद बिक्री सम्बन्धी कार्य गर्ने ।
२१. प्रचलित कानुनको अधिनमा रही डिवेञ्चर जारी गर्ने ।
२२. संगठित संस्थाको धितोपत्र निष्काशनका लागि विवरणपत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरणपत्र तयार गर्ने लगायतका धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी आवश्यक सबै कार्यहरु गर्ने ।
२३. संगठित संस्थाको तर्फबाट धितोपत्रधनीहरुको अभिलेख राख्ने तथा धितोपत्रहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने ।
२४. लगानी व्यवस्थापन गर्ने ।
२५. संगठित संस्थासँग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्रहरु बिक्री नभएको अवस्थामा आफूले खरिद गर्न प्रत्याभूति (अण्डर राइटिङ्ग) दिने कार्य गर्ने ।
२६. ग्राहकसँग सम्झौता गरी ग्राहकको लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
२७. धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रिय निक्षेप सेवा वा डिपोजिटरी (कस्टोडियन) सेवा सम्बन्धी कार्य गर्ने ।

सहायक कम्पनीले धितोपत्र वोर्डवाट मर्चेण्ट बैंकिङ्ग अर्न्तगत प्रत्याभुति तथा लगानी व्यवस्थापन सेवा सञ्चालनको अनुमतिको क्रममा रहेको छ ।

**(३) सहायक कम्पनीमा भएको लगानीको प्रतिशत : यस कम्पनीको सत् प्रतिशत लगानी रहेको** सहायक कम्पनीको हालको चक्ता पूँजी रुं १२ करोड रहेको छ । जुन यस कम्पनीको हालको चुक्ता पूँजीको ४.२० प्रतिशत हो ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म)**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु तथा प्रदान गर्ने सेवाहरु** :

यस बीमा कम्पनीले प्रदान गर्ने मुख्य सेवामा विभिन्न्न प्रकारका जीवन बीमा योजनाहरुबाट प्रदान गरिने लाभहरु रहेको छ ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि** :

बीमा कम्पनी सेवा प्रदायक कम्पनी भएकोले जीवन बीमा सेवा प्रदान गर्न प्रचलित कानून तथा नेपाल बीमा प्राधिकरणको निर्देशनको अधिनमा रही आवश्यक आन्तरिक नीति तथा नियम बनाई कार्य गर्दै आएको छ । बीमकले दर्शनटेक प्रा.लि.को Core Insurance Software को रुपमा आई सोलुसन (I-Solution) नामक सफ्टवेयरको प्रयोग गरिरहेको छ । सेवाग्राहीलाई सर्वसुलभ सेवा प्रदान गर्न बीमा शुल्कको अनलाईन भुक्तानी गर्न सकिने गरी मोबाइल एप प्रयोगमा ल्याएको छ । त्यसै गरी अनलाइन बीमा प्रस्ताव गर्न सकिने व्यवस्था, ग्राहकहरुको गुनासो, सल्लाह एवं सुझावहरु सुन्न च्याट बक्सको व्यवस्था गरीएको छ ।

(३) **कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, ईजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

यस कम्पनीले सातवटै प्रदेशमा आफ्नो प्रादेशिक कार्यालयहरु स्थापना गरी सम्बन्धित प्रादेशिक कार्यालय अन्तर्गत रहने गरी नेपालभर शाखा, उपशाखा एवं एजेन्सी कार्यालयहरु मार्फत जीवन बीमा सेवा सञ्चालन गरिरहेको छ । कम्पनीले आ.व. २०७८/०७९ मा १,३१८,३६५ बीमालेख जारी गरी प्रथम बीमा शुल्क वापत रु.२,४२२,०३५।२२ हजार र नविकरण शुल्क वापत रु. १,५४०,९३३।५२ हजार गरी जम्मा रु.४,०४४,०९४।०१ हजार संकलन गरेको छ । साथै, यस कम्पनीले रु.४,६३८,१५८।३७ हजारको जीवन बीमा कोष खडा गरेको छ । आ.व. २०७८/०७९ मा लगानीको प्रतिफल औषत १०.१० प्रतिशत रहेको र कम्पनीले आ.व. २०७८/०७९ मा रु.३०१,०४२।३७ हजार खुद मुनाफा आर्जन गर्न सफल भएको छ । त्यसैगरी व्यवसायको विकासमा प्रत्यक्ष भुमिकामा रहेका अभिकर्ताहरुको संख्या १८,००० रहेकोमा सो संख्याको गुणात्मक वृद्धि तथा व्यवसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले देशव्यापी रुपमा अभिकर्ता तालिम सञ्चालन कार्यक्रमहरु सञ्चालन गरेको छ । आ.व. २०७८/०७९ मा सम्पूर्ण जीवन बीमा कम्पनीहरुको कूल प्रथम बीमा शुल्क करिब रु.३८ अर्ब ३ करोड रहेकोमा जसमध्ये यस बीमा कम्पनीले संकलन गरेको शुल्क कूल बीमा शुल्कको करीब ६.१२ प्रतिशत बजार हिस्सा ओगट्न सफल भएको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

समयसापेक्ष नयाँ उत्पादन तथा सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार गर्ने योजना रहेको छ । हाल कम्पनीले निम्नलिखित बीमा योजनाहरु बजारमा ल्याएको छ ।

| क्र.सं. | विवरण |
|---|---|
| १. | रिलायबल सावधिक जीवन बीमा |
| २. | रिलायबल अग्रिम भुक्तानी जीवन बीमा |
| ३. | रिलायबल उच्च शिक्षा जीवन बीमा |
| ४. | धनपति जीवन बीमा |
| ५. | रिलायबल आजीवन जीवन बीमा |
| ६. | रिलायबल सुलभ जीवन बीमा |
| ७. | रिलायबल बाल सुलभ प्लस जीवन बीमा |
| ८. | सजिलो जीवन (एकल तथा सीमित भुक्तानी) बीमा |
| ९. | सजिलो बाल जीवन (एकल तथा सीमित भुक्तानी) बीमा |
| १०. | रिलायबल समुन्नति जीवन बीमा योजना (अग्रिम बीमाङ्क भुक्तानी) |
| ११. | रिलायबल म्यादी जीवन बीमा |
| १२. | वैदेशिक रोजगार म्यादी जीवन बीमा |
| १३. | लघु सावधिक जीवन बीमा |
| १४. | लघु म्यादी जीवन बीमा |
| १५. | रिलायवल सुरक्षित जीवन बीमा |

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

यो कम्पनी बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) तथा बीमा विनियमावली, २०४९ अन्तर्गत बीमा समितिबाट जीवन बीमा कारोबार गर्न स्वीकृति प्राप्त कम्पनी भएकोले यस कम्पनीको प्रमुख बजार नेपालभर रहेको छ । हालको परिप्रेक्ष्यमा नेपालमा बीमा क्षेत्रको दायरा फराकिलो भई रहेको हुँदा जीवन बीमा सम्बन्धी नयाँ नयाँ बीमालेखहरुको माग भए बमोजिम नेपाल राज्यभर आफ्नो शाखा कार्यालयहरु तथा एजेन्टहरु मार्फत जीवन बीमालेखहरु बिक्री वितरण गर्ने ब्यबस्था गरिएको छ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**

बीमा क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूहको दक्षताको आधारमा यस कम्पनीले स्थापनाको छोटो समयमा नै जीवन बीमा बजारको क्षेत्रमा राम्रो हिस्सा ओगट्न र आफ्ना सेवाग्राहीहरुलाई उत्कृष्ट सेवा प्रदान गर्न सफल रहेको हुनाले जीवन बीमा बजारमा उपब्ध अवसरको पर्याप्त उपभोग गर्न सक्षम रहेको देखिन्छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** लागू नहुने ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

गुण नियन्त्रणको लागि गरिएको व्यवस्था अन्तर्गत कम्पनीले आफ्नो कार्य चुस्त/दुरुस्त सञ्चालन गर्न तथा ग्राहकहरुको सन्तुष्टीमा उच्चतम वृद्धि गर्नको लागि अनुपालना अधिकृत र सूचना अधिकृत नियुक्त गरेको छ। साथै सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४, सो को नियमावली तथा नियामक निकायबाट जारी निर्देशिकामा उल्लेखित ग्राहक पहिचान सम्बन्धी विद्यमान व्यवस्था तथा मापदण्डहरुको पालना गर्दै बीमा गर्न चाहने व्यक्तिको उमेर तथा बीमाङ्क रकमको आधारमा स्वास्थ्य परिक्षण गराउने, बीमा शुल्क भुक्तानी गर्न सक्ने नियमित आय श्रोत खुलाउन लगाउने तथा प्रस्तावित बीमाङ्क अनुसारको बीमा गर्न योग्य रहे नरहेको यकिन गर्न अण्डरराईटिङको माध्यमबाट जोखिमाङ्कन (Risk Assessment) गर्ने व्यवस्था गरिएको छ। त्यसैगरी बीमाङ्क रकमको निश्चित अंशमात्र आफूले व्यहोर्ने गरी सो भन्दा बढीको दायित्व पुनर्बीमकले व्यहोर्ने व्यवस्था गरिएको छ। साथै, बीमाङ्कीबाट प्रत्येक वर्ष कम्पनीको Valuation गराउने गरिएको छ।

**(१०) अनुसन्धान तथा विकास :**

नेपालको आर्थिक सामाजिक विकाससँगै जनआकांक्षा र माग बमोजिमको नयाँ बीमा सेवा सम्बन्धी अनुसन्धान तथा विकास गर्दै जाने र सोका लागि आगामी दिनहरुमा बीमा बजारमा अझ विस्तृत रुपमा अध्ययन गरी सम्भाव्यताको आधारमा आवश्यकता अनुसार उपयुक्त तथा प्रभावकारी जीवन बीमा योजनाहरु ल्याई बढी भन्दा बढी मानिसहरुलाई बीमा योजनामा आवद्ध गर्नका लागि जनचेतनामुलक कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**

विश्वव्यापी महामारीको रुपमा संसारभर फैलिएको कारोना भाइरस (COVID -19) को कारणबाट परेको असर बाट अर्थतन्त्र तंङ्गिन नपाउँदै रुस युक्रेन बीचको युद्धले गर्दा विश्व अर्थतन्त्रको विस्तारमा संकुचन पैदा भएको छ। हाल वजारमा देखिएको तरलताको समस्या तथा बढ्दो महङ्गीको कारणबाट सर्वसाधारण मानिसहरुको दैनिकीमा प्रत्यक्ष असर परी रहेको कारणबाट कम्पनीको आम्दानीमा पनि प्रत्यक्ष असर पर्ने देखिन्छ। त्यसै गरी लघु वित्तको क्षेत्रमा देखिएको व्यवसायको संकुचनले समेत कम्पनीको बीमा शुल्क आम्दानीमा असर गरेको देखिन्छ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण:** सो नभएको।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

बजारमा बीमा कम्पनीहरु बीच हुने प्रतिस्पर्धात्मक वातावरण र सो वातावरणले सृजना गर्ने जोखिम, विश्व अर्थतन्त्रमा आएको आर्थिक मन्दी र त्यसले देशको बैंक तथा वित्तीय क्षेत्रको व्याजदरमा पारेको प्रभाव, राजनैतिक परिस्थितिबाट उब्जने विभिन्न बाधा, अवरोधले दीर्घकालीन लगानीको क्षेत्र तथा अवसर कम हुनु, व्यवसाय प्रबर्द्धनका लागि आवश्यक पर्ने दीर्घकालिन पूँजी परिचालनलाई प्रोत्साहन गर्ने नीतिको अभाव हुनु जस्ता आदि कारणहरुले जीवन बीमा कारोवारलाई असर पुऱ्याईरहेका छन्। यस्ता विभिन्न चुनौतिपूर्ण परिस्थितीलाई आत्मसात गरी कम्पनीले उपयुक्त रणनीति बनाई व्यवसाय विस्तार तथा प्रबर्द्धनमा निरन्तर सक्रिय भईरहेको छ। यसका साथै, हालको प्रतिस्पर्धी बीमा बजारमा यस कम्पनीले सफलतापूर्वक आफ्नो बीमा व्यवसाय सञ्चालन गरी छोटो समयमा नै अग्रणी बीमा कम्पनीको रुपमा स्थापित हुन सफल भएको छ। अन्य समान जीवन बीमा कम्पनीहरु बीचको बजार प्रतिस्पर्धाको तुलनात्मक विवरण निम्नानुसार रहेको छ :-

| क्र.सं. | कम्पनीको नाम | कारोवार सञ्चालन मिति (वि.सं.) | कुल बीमा शुल्क आर्जन चैत्र २०७९ सम्म (रु. लाखमा) | बजार हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | २०७४ | २७,४१३ | २.६२ |
| **अन्य कम्पनीहरु** | | | | |
| २ | नेपाल लाइफ ईन्स्योरेन्स कम्पनी लि. | २०५८ | २७२,६१२ | २६.०३ |
| ३ | लाइफ ईन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | २०५८ | १२९,४५१ | १२.३६ |
| ४ | नेशनल लाईफ ईन्स्योरेन्स कं. लि. | २०४८ | ११३,७४३ | १०.८६ |
| ५ | राष्ट्रिय बीमा संस्थान | २०२९ | ७१,०२३ | ६.७८ |
| ६ | सूर्यज्योति लाईफ ईन्स्योरेन्स कम्पनी लि. | २०६४ | ६२,०६९ | ५.९३ |
| ७ | युनियन लाईफ ईन्स्योरेन्स कम्पनी लि. | २०७४ | ५७,५६४ | ५.५० |

| | | | | |
|---|---|---|---|---|
| ८ | एशियन लाईफ ईन्स्योरेन्स कम्पनी लि. | २०६४ | ५१,९२३ | ४.९६ |
| ९ | सिटिजन लाईफ ईन्स्योरेन्स कम्पनी लि. | २०७४ | ४०,१७९ | ३.८४ |
| १० | मेट लाईफ | २०५८ | ३८,७६६ | ३.७० |
| ११ | प्राइम लाईफ ईन्स्योरेन्स कम्पनी लि. | २०६४ | ३३,४१६ | ३.१९ |
| १२ | सन नेपाल लाईफ ईन्स्योरेन्स कम्पनी लि. | २०७४ | २८,७५८ | २.७५ |
| १३ | आई.एम.ई लाईफ ईन्स्योरेन्स कम्पनी लि. | २०७४ | २९,८६८ | २.८५ |
| १४ | सानिमा रिलायन्स लाइफ ईन्स्योरेन्स लि. | २०७४ | ४०,७१७ | ३.८९ |
| १५ | गुराँस लाइफ ईन्स्योरेन्स कम्पनी लि. | २०६४ | २२,४२९ | २.१४ |
| १६ | सानिमा लाइफ ईन्स्योरेन्स लि. | २०७४ | १५,५६५ | १.४९ |
| १७ | प्रभु लाइफ ईन्स्योरेन्स लि. | २०७४ | ११,८५४ | १.१३ |
| | | **कूल बीमा शुल्क** | **१,०४७,३४८** | |

**स्रोत : नेपाल बीमा प्राधिकरणको मासिक वित्तीय तथ्याङ्कबाट साभार ।**

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तैः संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरणः** सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै : संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : सो नभएको ।

(१६) **संस्थाले आफ्नो उद्देश्य अनुरुपको कामकारवाही अगाडि बढाउने सन्दर्भमा हालसम्म भए/गरेका सम्झौताको संक्षिप्त विषयवस्तु तथा सम्झौता बहाल रहने अवधि खुल्ने गरी तालिकामा प्रस्तुत गर्नुपर्नेः**

संस्थाले आफ्नो उद्देश्य अनुरुपको कामकारवाही अगाडि बढाउने सन्दर्भमा हालसम्म भए/गरेका सम्झौताको संक्षिप्त विषयवस्तु तथा सम्झौता बहाल रहने अवधि देहाय अनुसार रहेको छ :

| सम्झौताको संक्षिप्त विषयवस्तु | विवरण | सम्झौता बहाल रहने अवधि |
|---|---|---|
| **कोर इन्स्योरेन्स सफ्टवेयर** | **दर्शन टेक प्रा.लि. कम्पनीले सञ्चालनमा ल्याएको सम्पूर्ण बीमा सम्वन्धि विवरण प्रशोधन तथा अभिलेखहरु राख्ने** | **वि.सं. २०८०।०६।३० सम्ममा संझौता वहाल रहने तर संझौता अनुसार आफैं नविकरण हुने** |
| **मोवाइल एप** | **आयन्त सोलुसन प्रा.लि. एन्ड्रोड तथा आइएओस प्लेटफर्ममा बीमा प्रिमियम गणना तथा बीमालेख सम्वन्धि विविध जानकारी दिने** | **इस्वि सन् २०२३।१०।१५ सम्ममा संझौता वहाल रहने तर संझौता अनुसार आफैं नविकरण हुने** |

(१७) **संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषयवस्तु, इजाजत प्राप्त मिति तथा सो बहाल रहने अवधि समेत खुल्ने विवरण खुल्ने गरी तालिकामा प्रस्तुत गर्नुपर्ने :**

संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत,स्वीकृति/अनुमति/ईजाजतपत्रको संक्षिप्त विषयवस्तु, इजाजत प्राप्त मिति तथा सो बहाल रहने अवधि समेत खुल्ने विवरण देहाय अनुसार रहेको छ :

| विभिन्न नियामक निकाय | स्वीकृति/अनुमति/ईजाजत पत्रको संक्षिप्त विषयवस्तु | ईजाजतपत्र प्राप्त मिति (वि.सं.मा) | बहाल रहने अवधि |
|---|---|---|---|
| कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता | २०६४/०८/१८ | नविकरण गर्नु नपर्ने |
| आन्तरिक राजस्व विभाग | आयकरमा दर्ता | २०७४/०३/३० | नविकरण गर्नु नपर्ने |
| कम्पनी रजिष्ट्रारको कार्यालय | कारोवारको स्वीकृति | २०७४/०५/१६ | – |
| नेपाल बीमा प्राधिकरण | जीवन बीमा व्यवसाय गर्न पाउने स्वीकृति | २०७४/०४/१८ | बीमा ऐन, २०७९ आउनु अघि प्रत्येक चैत्र मसान्तभित्र नविकरण गर्नु पर्ने व्यवस्था |

| | | | |
|---|---|---|---|
| | | | रहेको तर हाल नविकरण गरी रहन नपर्ने । |

**(१८) प्रबन्धपत्र नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति, संशोधन स्वीकृत गर्ने साधारणसभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिस्ट्रारको कार्यालयमा अभिलेख भएको विस्तृत विवरण प्रस्तुत गर्नुपर्ने :**

संस्थाले प्रबन्धपत्र नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति, संशोधन स्वीकृत गर्ने साधारणसभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिस्ट्रारको कार्यालयमा अभिलेख भएको विस्तृत विवरण देहाय अनुसार रहेको छ :

**(क) प्रबन्धपत्रतर्फ :**

| क्र. सं. | हालसम्म भएको संशोधन/ सम्बन्धित दफा | संशोधनको विषय | सञ्चालक समितिको निर्णय नम्बर/मिति | संशोधन स्वीकृत गर्ने साधारणसभा/विशेष साधारण सभाको मिति (वि.सं.मा) | अभिलेख भएको कार्यालय र मिति (वि.सं.मा) |
|---|---|---|---|---|---|
| १. | २(१) | ठेगाना परिवर्तन | १७, २०७४/०४/३१ | मिति २०७४/५/१५ मा सम्पन्न विशेष साधारण सभावाट | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७४/०५/२५ |
| २. | ४(१)(ङ) | रेमिट्यान्स सम्वन्धि कार्य गर्ने | २६, २०७४/०९/०३ | मिति २०७४/०९/२८ को प्रथम वार्षिक साधारण सभावाट संशोधित | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७८/०१/१५ |
| ३. | ४(१)(च) | सामुहिक लगानी कोष स्थापना गर्ने | ६५, २०७७/०३/१४ | मिति २०७७/०४/११ को दोश्रो वार्षिक साधारण सभावाट संशोधित | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७८/०३/०२ |
| ४. | ६(घ) | कर्मचारीहरुलाई शेयर प्रदान गर्ने सम्वन्धि | ९२, २०७९/०१/२५ | मिति २०७९/०२/२५ मा सम्पन्न चौंथो वार्षिक साधारण सभावाट शंशोधित । | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७९/०३/३० |
| ५. | ६(क), (ख) | पूँजी वृद्धि सम्वन्धि | १०२, २०७९/०६/१३ | मिति २०७९/०७/२० मा सम्पन्न पाँचौं वार्षिक साधारण सभावाट शंशोधित । | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७९/०७/२४ |

**(ख) नियमावलीतर्फ :**

| क्र. सं. | हालसम्म भएको संशोधन/ सम्बन्धित नियम | संशोधनको विषय | सञ्चालक समितिको निर्णय नम्बर/मिति | संशोधन स्वीकृत गर्ने साधारणसभा/विशेष साधारण सभाको मिति (वि.सं.मा) | अभिलेख भएको कार्यालय र मिति (वि.सं.मा) |
|---|---|---|---|---|---|
| १ | १२(४) | शेयरको हकहस्तान्तरण सम्वन्धि व्यवस्था | ९२, २०७९/०१/२५ | मिति ०७९/०२/२५ मा सम्पन्न चौंथो वार्षिक साधारण सभावाट थप गरीएको | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७९/०३/३० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १९(५) | साधारण सभाको गणपुरक संख्या तथा निर्णय प्रकृया सम्वन्धी | ६५, २०७७/०३/१४ | मिति २०७७/०४/११ मा सम्पन्न दोश्रो वार्षिक साधारणसभावाट संशोधित । | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७८/०१/१५ |
| ३ | २३ | साधारण सभाको गणपुरक संख्या | २६, २०७४/०९/०३ | मिति २०७४/०९/२८ मा सम्पन्न कम्पनीको वार्षिक साधारणसभावाट संशोधित | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७८/०१/१५ |
| ४ | २७(२) | सञ्चालक समितिको वनोट | ६५, २०७७/०३/१४ | मिति २०७७/०४/११ मा सम्पन्न दोश्रो वार्षिक साधारणसभावाट संशोधित | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७८/०३/०२ |
| ५ | २८ | सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या | २६, २०७४/०९/०३ | मिति २०७४/०९/२८ मा सम्पन्न कम्पनीको वार्षिक साधारणसभावाट संशोधित | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७८/०१/१५ |
| ६ | २९(२) | स्वतन्त्र सञ्चालक सम्वन्धि व्यवस्था | २६, २०७४/०९/०३ | मिति २०७४/०९/२८ मा सम्पन्न कम्पनीको वार्षिक साधारणसभावाट संशोधित | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७८/०१/१५ |
| ७ | ३२(१) अ.आ.इ.ई | सञ्चालकको बैठक भत्ता तथा सुविधा सम्वन्धमा | ९२, २०७९/०१/२५ | कम्पनीको मिति ०७९/०२/२५ मा सम्पन्न चौंथो वार्षिक साधारण सभावाट संशोधन गरीएको । | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७९/०३/३० |
| ८ | ३८(६) | अध्यक्षको मताधिकार सम्वन्धी | ६५, २०७७/०३/१४ | मिति २०७७/०४/११ मा सम्पन्न दोश्रो वार्षिक साधारण सभावाट संशोधित । | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं, २०७८/०३/०२ |

### ग.३.ख. सम्पत्तिको विवरण :

#### (क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :

कम्पनीको आ.व. २०७८/०७९ को असारसम्मको सम्पत्तिको विवरणको अवस्था तल उल्लेख गरे बमोजिम रहेको छ :

| विवरण | लिजहोल्ड सम्पत्ति | फर्निचर तथा फिक्स्चर | कम्प्यूटर तथा कार्यालय सामाग्री | कार्यालय सामान | सवारी साधन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) |
| Gross Carrying amount | – | – | – | – | – | – | – |
| **असार मसान्तसम्म २०७८** | १६,२५२ | २२,४१७ | १३,९४० | १२,००२ | ५०,३०५ | – | १,१४,९१६ |
| यस वर्षको थप | ३,१३३ | ४,३७९ | १,८३१ | १,३२८ | ७,६४४ | – | १८,३१५ |
| डिस्पोजल | – | – | – | – | – | – | – |
| Write-offs | – | – | – | – | – | – | – |
| पूनर्मूल्याङ्कन | – | – | – | – | – | – | – |
| स्थानान्तरण समायोजन | १,०४,१५१ | – | – | (५३) | – | – | १०४०९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **असार ३२, २०७९ सम्मको रकम** | १,२३,५३६ | २६,७९६ | १५,७७१ | १३,२७७ | ५७,९४९ | – | २,३७,३२९ |
| **Accumulated depreciation and impairment** | | | | | | | |
| **असार मसान्तसम्म २०७८** | ६,६५६ | ६,२७५ | ५,९५१ | ४,७२० | २२,५६० | – | ४६,२०२ |
| मुल्यह्रास | १४,०८९ | २,३७९ | १,६९७ | १,२५१ | ४,८९० | – | २४,३०५ |
| बूक भ्यालू | – | – | – | – | – | – | – |
| डिस्पोजल | – | – | – | – | – | – | – |
| Write-offs | – | – | – | – | – | – | – |
| कर्जाको हानी नोक्सानी | – | – | – | – | – | – | – |
| कर्जाको हानी नोक्सानी फिर्ता | – | – | – | – | – | – | – |
| स्थानान्तरण समायोजन | ३३,१९३ | – | – | (२५) | – | – | ३३,१६७ |
| **जम्मा** | **५३,९३८** | **८,६५३** | **७,६४८** | **५,९४६** | **२७,४९०** | **–** | **१,०३,६७५** |
| **असार ३२, २०७९ सम्मको रकम** | – | – | – | – | – | – | – |
| **Net Carrying Amount** | – | – | – | – | – | – | – |
| **असार ३१ मसान्तसम्म २०७८** | **९,५९६** | **१६,१४२** | **७,९८९** | **७,२८२** | **२७,७०५** | **–** | **६८,७१४** |
| **असार ३२ मसान्तसम्म २०७९** | **६९,५९८** | **१८,१४२** | **८,१२३** | **७,३३२** | **३०,४५९** | **–** | **१,३३,६५५** |
| **Right of use Assets (after implementations of NFRS 16) or finance lease assets held by the company , out of above Property , Plant and Equipment:** | | | | | | | |
| Gross Carrying amount | – | – | – | – | – | – | – |
| **असार ३१ मसान्तसम्म २०७८** | – | – | – | – | २०,६६० | – | २०,६६० |
| यस वर्षको थप | – | – | – | – | – | – | – |
| डिस्पोजल | – | – | – | – | – | – | – |
| Write-offs | – | – | – | – | – | – | – |
| पूनर्मूल्याङ्कन | – | – | – | – | – | – | – |
| स्थानान्तरण समायोजन | – | – | १,०४,१५१ | – | – | – | १,०४,१५१ |
| **असार ३२, २०७९ सम्मको रकम** | – | – | १,०४,१५१ | – | २,०६,६० | – | १,२४,८१२ |
| **Accumulated depreciation and impairment** | – | – | – | – | – | – | – |
| असार मसान्तसम्म २०७८ | – | – | – | – | १३,९३३ | **–** | **१३,९३३** |
| **मुल्यह्रास** | – | – | १२,१५४ | | १,००९ | **–** | **१३,१६३** |
| **बूक भ्यालू** | – | – | – | – | – | – | – |
| **डिस्पोजल** | – | – | – | – | – | – | – |
| **Write-offs** | – | – | – | – | – | – | – |
| **कर्जाको हानी नोक्सानी** | – | – | – | – | – | – | – |
| **कर्जाको हानी नोक्सानी फिर्ता** | – | – | – | – | – | – | – |
| **स्थानान्तरण समायोजन** | – | – | ३३,१९३ | | | | ३३,१९३ |
| **असार ३२, २०७९ सम्मको रकम** | – | – | ४५,३४७ | **–** | **–** | १४,९४२ | ६०,२८९ |
| **Net Carrying Amount** | – | – | – | – | – | – | – |
| **असार ३१ मसान्तसम्म २०७८** | – | – | – | – | – | ६,७२७ | ६,७२७ |
| **असार ३२ मसान्तसम्म २०७९** | – | – | ५८,८०४ | – | – | ५,७१८ | ६४,५२२ |

उपरोक्त सम्पत्ति यस कम्पनीको रजिष्टर्ड कार्यालय एवं शाखा कार्यालयहरुमा अवस्थित रहेका छन् ।

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :** माथि उल्लेखित सम्पत्तिहरु आफ्नै स्वामित्वको हो ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण:** यस कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ ।

**(ङ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरण :**
परलमोलमा नियमानुसार ह्रासकट्टी गरी लेखामान अनुसार बाँकि रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सो को पुनर्मूल्याङ्कन गरिएको छैन ।

## ग.३.ग. भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति:**

कम्पनीले हाल सञ्चालनमा रहेका आफ्ना ८२ वटा शाखाबाट प्रदान गरिरहेको सेवाको गुणस्तर समय सापेक्ष रुपमा सुधार गरी बीमितलाई यथासिघ्र दावी फर्छ्यौट गरी प्रतिस्पर्धी बीमा सेवा उपलब्ध गराउने रहेको छ। तत्कालिन बीमा समिति हाल नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम कम्पनीले चुक्ता पूँजी वृद्धि गरी कम्पनीको पूँजीको संरचनालाई मजबुत बनाउने उद्देश्य रहेको छ। साथै आगामी दिनहरुमा यस कम्पनीले आफ्नो व्यवसाय/सेवा वृद्धिका लागि चालिने समयवद्ध रणनिति निम्नानुसार छन्।

१. बीमा गरिएको व्यक्तिहरुलाई दावी भुक्तानी लगायतका सेवाहरु छिटो छरीतो रुपमा सरल र सहज ढंगले उपलब्ध गराउने।
२. भविष्यमा नेपाली वजार अनुरुपको नयाँ सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा ल्याइने।
३. ग्रामीण क्षेत्रका आर्थिक रुपमा कमजोर रहेका मानिसहरुमा बीमा सेवा पुऱ्याउने।
४. जीवन बीमा सेवालाई समाजका सबै वर्गलाई समेटिने गरी उपयुक्त बीमा योजनाहरु तर्जुमा गरी गुणस्तरीय सेवा प्रदान गरिने।

**बीमा बजारको विस्तार तथा सेवा वृद्धिको लागि बीमा कम्पनीले ल्याउने योजना :**

- **मानव संशाधन विकास** : जीवन बीमा व्यवसायमा दक्ष जनशक्तिको उत्पादन गर्न बीमासँग सम्बन्धित विभिन्न किसिमका स्वदेशी तथा विदेशी तालिम प्रदान गर्ने। साथै, जोखिमाङ्कन, कर्मचारी प्रशासन, वित्त व्यवस्थापन, नेतृत्व विकास, संस्थागत सुशासन तथा कम्पनीको व्यवसाय वृद्धि गर्न आवश्यक आन्तरिक तालिमहरु दिने क्रमलाई निरन्तरता दिइनेछ।
- **शाखा कार्यालय विस्तार** : कम्पनीले आफ्नो शाखा सञ्जाललाई ७७ वटै जिल्लाहरुमा पुऱ्याई नेपालभर हिमाल पहाडदेखि तराईसम्म साथै मेचीदेखि महाकालीसम्म आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवा प्रदान गर्नेछ।
- **बीमा अभिकर्ता तालिम एवम् वृत्ति विकास** : अभिकर्ताहरुले बीमा व्यवसायलाई अगाडि बढाउने कुरा ध्यानमा राखी बढीभन्दा बढी अभिकर्ताहरु उत्पादन गर्ने लक्ष्य लिई अभिकर्ताहरुलाई दक्ष प्रशिक्षकको माध्यमबाट तालिम प्रदान गर्ने। अभिकर्ताहरुको वृत्ति विकास गराउने, जनमानसमा बीमा प्रतिको जागरण गराउने तथा नयाँ व्यक्तिलाई अभिकर्ताको रुपमा अघि बढ्न प्रेरित गर्नेछ।
- **संस्थागत सुशासन** : संस्थालाई अगाडि नेपाल बीमा प्राधिकरणबाट जारी हुने नीति, निर्देशन, परिपत्र, कम्पनी ऐन र धितोपत्र ऐनमा भएका कानून व्यवस्थाहरुको पूर्ण रुपमा पालना गरी संस्थागत सुशासन कायम राख्न कम्पनी सदैव सचेत रहनेछ।
- **बीमा मैत्री सूचना प्रविधिः** सूचना प्रविधिको द्रुततर विकासले बीमा क्षेत्रमा असीमित सम्भावनाहरू सिर्जना गर्नुका साथै उत्तिकै मात्रामा चुनौतीहरू समेत थपेको छ। यस कुरालाई ध्यानमा राखी आगामी दिनमा उपलब्ध प्रविधिको अधिकतम सदुपयोग गर्दै बीमाका सम्पूर्ण ग्राहकहरूलाई थप सुरक्षित तथा अत्याधुनिक सेवा सुविधा उपलब्ध गराउनेतर्फ उन्मुख रहने छ।
- **नविनतम जीवन बीमा योजना**
  जीवन बीमा क्षेत्रमा स्तरिय सेवा पुऱ्याउने उद्देश्यले "भविष्य सुनिश्चित गर्दै" भन्ने मूल नाराका साथ १५ विविध जीवन बीमालेख योजना मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिआएकोमा यस आर्थिक वर्षभित्रमा तीन (३) वटा र आगामी आर्थिक वर्ष २०८०/०८१ मा तीन (३) वटा नविनतम् बीमालेख प्रचलनमा ल्याउने योजना रहेको छ।

- जीवन बीमाको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरी बीमा व्यवसायबाट बीमित तथा लगानीकर्ता शेयरधनीहरुलाई यथोचित प्रतिफल दिने प्रयास गर्नेछ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

हाल नेपालको बीमा बजारमा जीवन बीमातर्फ १५ वटा जीवन बीमा कम्पनीहरु सञ्चालनमा रहेकोमा बीमा शुल्क, चुक्ता पूँजी, मूनाफा तथा जगेडाको आधारमा यस कम्पनीले प्रतिस्पर्धी बीच छुट्टै पहिचान बनाउन सफल भएको छ।

एकातिर देशको बीमा बजार अत्यन्त प्रतिस्पर्धात्मक छ भने अर्कोतर्फ राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थिति अनुकुल नरहेको कारण पनि प्रतिकूल प्रभाव परेको अवस्था छ। कम्पनीले २०७४ श्रावण १८ गते नेपाल बीमा प्राधिकरणवाट इजाजतपत्र प्राप्त गरी मिति २०७४/०५/१६ देखि आफ्नो व्यवसायिक कारोवार शुरु गरी छोटो अवधिमा नै बीमितहरुको चाहना र आवश्यकता अनुसारको स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गर्दै उपलब्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी तुलनात्मक रुपमा उत्साहजनक उपलब्धि हासिल गरेको छ। कम्पनीको व्यवसायको भविष्य सुनिश्चित हुने केही आधारहरुमा कम्पनीले हालसम्म गरेको व्यवसायिक प्रगति, बढ्दो बजार हिस्सा तथा सुदृढ वित्तीय परिसूचकहरुलाई लिन सकिन्छ। स्थापनाकालदेखि २०७९ चैत्र मसान्तको छोटो अवधिमा नै देशका विभिन्न जिल्लामा गरी ८२ स्थानमा आफ्नो शाखा सञ्जाल विस्तार गरी कुल बीमा शुल्क रु.१३,१२५,४८०.५१ हजार संकलन गरिएको, शेयरधनीहरुको कोषमा रु.१,३४८,०८३.५० हजार तथा बीमितहरुको अधिनमा रहने जीवन बीमा कोषमा रु. ६,२०२,७३९.५१ हजार पुऱ्याउन सफल भएको छ। कम्पनीको बजार हिस्सामा क्रमिक बढोत्तरी आएको, अभिकर्ता सञ्जाल निर्माणमा वृद्धि भएको तथा नयाँ नयाँ बीमा योजनाको प्रयोग एवं अभ्यास जस्ता आधारहरुलाई समेत लिन सकिन्छ। हाल करिव ४४.४५ प्रतिशत जनताको मात्र बीमामा पहुँच पुगेको स्थितिलाई दृष्टिगत गर्दा बीमा व्यवसायको भविष्य सुनिश्चित रहेको तर्फ आशावादी हुन सकिने पर्याप्त आधार देखिन्छ। बीमा शुल्क, लगानी, मुनाफा लगायत दावी फछ्र्यौट, पुनर्बीमा वापत कुशल जोखिम व्यवस्थापन, बीमा शिक्षा, कर्मचारी, बीमा अभिकर्ता तथा सरोकारवाला निकायलाई बीमा सम्बन्धी आवश्यक तालिम, नियामक निकायबाट आयोजना गरिने विभिन्न कार्यक्रम वा *अध्ययन* समितिमा कम्पनीका विज्ञहरुद्वारा गरिएको सवल योगदान आदिलाई विचार गर्दा पनि कम्पनी संस्थागत लक्ष्य हासिल गर्ने तर्फ केन्द्रीत रहेबाट व्यवसायिक भविष्य उपलब्धिपूर्ण हुने विश्वास रहेको छ।

**ग.३घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) सदस्यीय सञ्चालक समिति रहने देहाय बमोजिमको व्यवस्था छ।

| | |
|---|---|
| समूह "क" संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनीत सञ्चालकहरु | ४ जना |
| समूह "ख" शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनीत सञ्चालकहरु | २ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| जम्मा | ७ जना |

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६५/०६/१५ गतेको पत्रानुसार सर्वसाधारणमा शेयर जारी गरी नसकेको अवस्था रहेको कारणबाट हाल कम्पनीमा ४ जना सञ्चालकहरु संस्थापक शेयरधनी समुह "क" बाटै रहनु भएको र सर्वसाधारणमा शेयर निष्काशन गरे पश्चात् सम्पन्न हुने साधारणसभावाट सर्वसाधारण समुह "ख" को प्रतिनिधित्व २ जना सञ्चालकहरुले गर्नेछन्। सञ्चालकहरुको कार्यकाल बढीमा ४ वर्षको हुने व्यवस्था रहेको छ।

**<u>सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम् शेयर संख्या सम्बन्धी व्यवस्था :</u>**

कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार बीमा कम्पनीको सञ्चालक हुनको लागि यस कम्पनीको कम्तिमा १,००० (एक हजार) कित्ता शेयर लिएको हुनु पर्नेछ। यसरी शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुंदैन। तर स्वतन्त्र सञ्चालक वा संगठित संस्थाले कम्पनीमा लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन।

**(ग) ४ पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण:**

**<u>अधिकृत पूँजी :</u>** कम्पनीको अधिकृत पूँजी रु.५,५०,००,००,०००।- (अक्षरेपी पाँच अर्व पचास करोड मात्र) रहेको छ। उक्त पूँजीलाई प्रति कित्ता अंकित मूल्य रु.१००।- का दरले ५,५०,००,००० (पाँच करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ।

**<u>जारी पूँजी :</u>** कम्पनीको जारी पूँजी रु.४,००,००,००,०००।- (अक्षरेपी चार अर्व मात्र) रहेको छ। सो पूँजीलाई प्रति कित्ता अंकित मूल्य रु.१००।- का दरले ४,००,००,००० (अक्षरेपी चार करोड मात्र) थान साधारण शेयरमा विभाजित गरिएको छ।

**<u>चुक्ता पूँजी :</u>** कम्पनीको हाल चुक्ता पूँजी रु.२,८०,००,००,०००।- (अक्षरेपी दुई अर्व अस्सी करोड मात्र) रहेको छ। कम्पनीको आफ्नो जारी पुँजी मध्ये रु.२,८०,००,००,०००।- (अक्षरेपी दुई अर्व अस्सी करोड मात्र) संस्थापक

शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकी रहेको १,२०,००,००० (अक्षरेपी एक करोड बीस लाख) कित्ता बराबर रु.१,२०,००,००,०००।- (अक्षरेपी एक अर्व बीस करोड मात्र) को धितोपत्र सार्वजनिक निष्काशनद्वारा सर्वसाधारणमा निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पुँजी रु.४,००,००,००,०००।– (अक्षरेपी चार अर्व मात्र) हुनेछ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत, जारी एवँ चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :**

| आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०६४/०६५ | ५००,०००,००० | २५०,०००,००० | १७५,०००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६४/०८/१८ गतेको पत्रानुसार |
| २०७३/०७४ | २,२००,०००,००० | २,०००,०००,००० | १,४००,०००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०१/१९ गतेको पत्रानुसार |
| २०७८/७९ | ५,५००,०००,००० | ४,०००,०००,००० | १,४००,०००,००० | कम्पनी रजिष्टारको कार्यालयको मिति २०७९/०३/३० गतेको पत्रानुसार |
| २०७९/८० | ५,५००,०००,००० | ४,०००,०००,००० | २,८००,०००,००० | कम्पनी रजिष्टारको कार्यालयको मिति २०७९/७/२४ को पत्रानुसार |

**(ख) प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पुर्व संस्थाको चुक्ता पूँजीको संरचना (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पुर्व संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना (रु.) | चुक्ता रकम (प्रतिशतमा) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क. | संस्थापक शेयरधनीहरु | २,८०,००,००० | २,८०,००,००,०००।०० | ७०% | शतप्रतिशत |
| ख. | सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिक, सामूहिक लगानी कोष र कम्पनीका कर्मचारी समेत) | १,२०,००,००० | १,२०,००,००,०००।०० | ३०% | निष्काशन पश्चात |
| | **जम्मा** | ४,००,००,००० | ४,००,००,००,०००।०० | १००% | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**

**यस कम्पनीको शेयर प्रिमियम खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :**

शेयर प्रिमियम खाता (निष्काशन पूर्व) : नभएको ।

शेयर प्रिमियम खाता (निष्काशन पश्चात): रु.१,७८,९८,००,०००।– (अक्षेरेपी एक अर्ब अठहत्तर करोड अन्ठान्ब्वे लाख मात्र) (कम्पनीले सर्वसाधारणमा १,१४,००,००० कित्ता शेयर प्रति शेयर अंकित मूल्य रु.१००।- दरमा प्रिमियम वापत रु.१५७।- थप गरी प्रिमियम मूल्य सहित जम्मा मूल्य रु.२५७।- र कर्मचारीलाई छुट्टाइएको ६,००,००० कित्ता शेयर प्रति शेयर अंकित मूल्य रु.१००।- दरमा निष्काशन गर्न लागेकोले शेयर प्रिमियम वापत प्राप्त हुन आउने रकम र शेयर प्रिमियम खातामा रहेको निष्काशन पूर्वको रकम समेत) ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमि :

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं. | शेयरधनीको नाम | पद | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | ठेगाना | शेयर स्वामित्व | प्रस्तावित व्यापार/ व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनार्दन देव पन्त | संस्थापक | ४७ | नेपाली | एम.बि.ए. | का.म.पा ३२, अनामनगर, काठमाडौं | ८,००,००० | प्रमुख कार्यकारी अधिकृतको रुपमा हाल निर्धन उत्थान वित्तीय संस्था लि.मा कार्यरत । विभिन्न बैंक तथा बीमा कम्पनीहरुको सञ्चालक भई नेपालको बैंकिङ क्षेत्रमा २५ वर्षभन्दा बढीको अनुभव । |
| २ | श्री सुशिल कुमार पन्त | संस्थापक | ६५ | नेपाली | स्नातकोत्तर ( कम्पेरेटिभ ल) | नक्साल १, काठमाडौं | ११,६०,००० | वरिष्ठ अधिवक्ता, नेपाल सरकारको पूर्व महान्यायधिवक्ता । |
| ३ | श्री हरि भक्त शर्मा | संस्थापक | ६१ | नेपाली | एम.ए. | का.म.न.पा ३, बाँसवारी काठमाडौं | ३,५०,००० | देउराली जनता फर्मास्यूटिकल प्रा.लि. को संस्थापक अध्यक्ष । |
| ४ | श्री सन्दीप खेतान | संस्थापक | ५० | नेपाली | +२ | का.म.न.पा.३१ काठमाण्डौं | ५,०१,००० | |
| ५ | श्री जुली चाचन | संस्थापक | ४३ | नेपाली | +२ | का.म.न.पा.३१ काठमाण्डौं | ५,००,००० | गृहिणी । |
| ६ | श्री गौरव अग्रवाल | संस्थापक | ४० | नेपाली | बि.बि.ए. | का.म.न.पा. ९, बत्तिसपुतली, काठमाण्डौं | २६,००,००० | अध्यक्ष सनराईज अपार्टमेन्ट प्रा.लि. मिति २०६३।१०।१९ देखि हालसम्म । अध्यक्ष सनराइज सिटिहोम डेभलपर्स प्रा.लि. मिति २०६४।०३।०७ देखि हालसम्म । अध्यक्ष सनराईज विजपार्क प्रा.लि. मिति २०६४।०८।२७ देखि हालसम्म । |
| ७ | श्री पदम कुमारी लोहनी | संस्थापक | ७८ | नेपाली | - | उदिपुर १, लमजुङ्ग | ६,४०,००० | गृहिणी । |
| ८ | श्री ग्लोबल आइएमई बैंक लि. ( साविक रिलायबल | संस्थापक | लागु नहुने | नेपाली | लागु नहुने | कमलादी, काठमाडौं | ४०,००,००० | बैकिङ्ग सम्बन्धी कार्य । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | डेभलपमेन्ट बैंक लि.) | | | | | | | |
| ९ | श्री गौरी राज जोशी | संस्थापक | ५० | नेपाली | एम.वि.ए. | रत्ननगर ८, चितवन | १०,००,००० | डिनेक्स्ट कन्सलटेन्सीमा आवद्ध । |
| १० | श्री जुनी गुरुङ्ग | संस्थापक | ४२ | नेपाली | बि.बि.ए. | का.म.न.पा. ११, सुन्धारा, काठमाण्डौं | ४,००,००० | सिभिल बिजनेस कम्प्लेकस प्रा.लि. मा आबद्ध । |
| ११ | श्री प्रेम प्रभात गुरुङ्ग | संस्थापक | ४३ | नेपाली | एम.वि.ए. | का.म.न.पा. २९, ठमेल, काठमाण्डौं | ४,००,००० | दलाई लामा बुटिक होटेल प्रा.लि. मा कार्यरत । |
| १२ | डा. प्रकाश चन्द्र लोहनी | संस्थापक | ७८ | नेपाली | पि. एच.डि. | थानसिंह ३, नुवाकोट | १०,००,००० | राजनीति/प्राध्यापन । |
| १३ | श्री रेखा घिमिरे | संस्थापक | ६६ | नेपाली | बि.बि.एस. | चुनदेवी ४, काठमाडौं | ४,९०,००० | व्यापार । |
| १४ | श्री राधेश्याम अग्रवाल | संस्थापक | ५९ | नेपाली | आई.कम. | भरतपुर ४ चितवन | ३,००,००० | सिद्धी बिनायक इन्टरप्राइजेजमा आबद्ध । |

**सञ्चालकहरुको विवरण :**

| सि.नं. | सञ्चालक को नाम र ठेगाना | पद | उमेर | समूह | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/ व्यवसाय | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री उदय नेपाली श्रेष्ठ जितपुर-३, धनकुटा | अध्यक्ष | ७२ | संस्थापक समूह "क" | नेपाली | १,४०,००० | एम.वि.ए./एम. ए (अर्थशास्त्र), पि.जि.डि. (इन्टरनेशनल), एल. एल. वि. | २०७६/०७/१७ अध्यक्ष पदमा रहनु भएको । | पिपुल्स हाईड्रो पावर कं लि. मा सन् २०१२ देखि हाल सम्म अध्यक्ष ।<br>साविक जनता बैंक नेपाल लि.मा सन् २०११ देखि सन् २०१७ सम्म सञ्चालक समितिको अध्यक्ष ।<br>सन् २०१३ देखि सन् २०१७ सम्म व्यवस्थापिका संसद सदस्य ।<br>सन् २०१३ देखि सन् २०१७ सम्म संविधान सभा सदस्य।<br>नेपाल कानून आयोग सन् २००३ देखि सन् २००९ सम्म उपाध्यक्ष ।<br>सन् १९९७ देखि सन् २००३ सम्म नेपाल सरकारको सचिव ।<br>त्रि.वि.वि.मा सन् १९७५ देखि सन् १९७६ सम्म प्राध्यापन । |
| २ | श्री अन्जु पाण्डे का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं | सञ्चालक | ५० | संस्थापक समूह "क" | नेपाली | २,६०,००० | एम.वि.ए, वि.एल. | स्थापनाकालदेखि सञ्चालक पदमा रहनु भएको । | लमजुङ्ग विद्युत विकाश कम्पनी लिमिटेडमा मिति: २०६५/०२/२५ देखि मिति २०६८/०९/२३ सम्म सञ्चालक ।<br>साङ्गे विद्युत कम्पनी लि. मा मिति .२०६५/०३/२७ देखि मिति२०६८/०५/०५ सम्म सञ्चालक ।<br>दोर्दि खोला विद्युत विकाश कम्पनी लिमिटेडमा मिति .२०६६/११/२९ देखि मिति २०६८/०९/२३ सम्म सञ्चालक । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | तत्कालिन ग्रोमोर मर्चेन्ट बैंकर लि. मा मिति २०६७/०४/१२ देखि मिति २०७०/०५/२८ सम्म सञ्चालक । तत्कालिन प्रुडेन्सियल फाइनान्स कं. लि. मा मिति २०६०/०७/०२ देखि मिति २०६२ चैत्रसम्म कम्पनी सचिव तथा नायव महाप्रवन्धक । |
| ३ | श्री इन्द्र प्रसाद शर्मा, ठेगाना :- कुश्मा न.पा.-३ दुर्लङ्ग, पर्वत | सञ्चालक | ४२ | संस्थापक समूह "क" | नेपाली | ४०,००० | एम.बि.एस | स्थापनाकालदेखि सञ्चालक पदमा रहनु भएको । | आई पे रेमिटमा सन् २०१२ देखि हाल सम्म कार्यकारी सञ्चालक । शंकरदेव क्यापसमा सन् २००५ देखि सन् २०१७ सम्म प्राध्यापन । |
| ४ | श्री शरद चन्द्र पौडेल | स्वतन्त्र सञ्चालक | | | नेपाली | - | स्नातकोत्तर | मिति २०७८/१२/०९ देखि सञ्चालक पदमा रहनु भएको । | १. पूर्व अध्यक्ष नेपाल रेलवे<br>२.पूर्व सचिव नेपाल सरकार |
| ५ | श्री प्रा.डा. प्रकाश भट्टराई मैतीदेवी ३३, काठमाण्डौं | सञ्चालक | ५६ | संस्थापक समूह "क" तर सर्वसाधारण शेयर धनीको प्रतिनिधित्व पश्चात खाली हुने | नेपाली | १,२०,००० | डाक्टर | स्थापनाकालदेखि सञ्चालक पदमा रहनु भएको । | १. नेपाल मेडिकल कलेजमा मिति २०६७ पौष २७ देखि हालसम्म प्राध्यापन ।<br>२. सन् २०१४ देखि सन् २०१७ सम्म अर्थोडेन्टिष्ट एशोशिएसनको अध्यक्ष ।<br>३. नेपाल मेडिकल काउन्सिलमा सन् २०११ देखि सन् २०१४ सम्म कार्यकारी सञ्चालक ।<br>४. सन् २००४ देखि सन् २००६ सम्म नेपाल डेण्टल एशोसिएसनमा उपाध्यक्ष । |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी र संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म):**

| क्र.सं. | नम | ठेगाना | संक्षिप्त विवरण | सञ्चालकको नाम, ठेगाना | शेयर स्वामित्व |
|---|---|---|---|---|---|
| १ | श्रीकृष्ण इन्भेष्टमेन्ट एण्ड म्यानेजमेन्ट कन्सलटिङ्ग प्रा. लि. | का.म.न.पा. ६, चाबहिल, काठमाण्डौं | २०६४ सालमा स्थापना भई लगानी तथा परामर्श सेवा प्रदान गर्नको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई सो सम्बन्धि कार्यहरु गर्ने गरेको । | कला शिवाकोटी, भरतपुर म.न.पा. वडा नं. १२, चितवन<br>सरोजा शिवाकोटी, भरतपुर म.न.पा. वडा नं. १२, चितवन | १,३९,००० |
| २ | ग्लोबल आइएमई बैंक लि. (साविक | कमलादी, काठमाण्डौं | कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३ जेष्ठ १५ गते संस्थापित यस बैंकले मिति २०६३ पौष १६ गते नेपाल | चन्द्र प्रसाद ढकाल, अध्यक्ष का.म.न.पा.४, महाराजगन्ज, काठमाण्डौ । | ४०,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | रिलायबल डेभलपमेन्ट बैंक लि.) | | राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने इजाजत प्राप्त गरेकोमा मिति २०६३ पौष १८ गतेदेखि "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ। यस बैंकले साविकको कमर्ज एण्ड ट्रष्ट बैंक नेपाल लि. र जनता बैंक नेपाल लि., रिलायबल डेभलपमेन्ट बैंक लि., बैंक अफ काठमाण्डू लि. लगायत १८टं वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज तथा प्राप्ति गरी एकीकृत रुपमा वित्तीय कारोवार गर्दै आईरहेको छ। हाल यस बैंक नेपालको सबैभन्दा धेरै चुक्ता पूँजी भएको बैंकको हैसियतमा रहन सफल भएको छ। यस बैंकका सस्थापक तथा सञ्चालक वित्तीय क्षेत्र, पर्यटन, उद्योग, जलविद्युत तथा अन्य व्यापार एवम् व्यवस्थापनमा लामो समयदेखि अनुभवप्राप्त प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ । हाल यस बैंकले आफ्नो २६९ शाखा, २३ वटा राजस्व संकलन काउन्टर, २४२ एटिएम, २४ वटा एक्सटेन्सन काउन्टर तथा २४५ वटा शाखा रहित बैंकिङ्ग सेवा र नेपाल बाहिर ३ प्रतिनिधि/सम्पर्क कार्यालय मार्फत सेवा प्रदान गर्दै आइरहेको छ। | क्याविनेट श्रेष्ठ, सञ्चालक ललितपुर ५, ललितपुर<br>राधेश पन्त, सञ्चालक कालिकास्थान, काठमाण्डौं ।<br>राम बहादुर भण्डारी, सञ्चालक टोखा ६, काठमाण्डौं<br>कृष्ण प्रसाद शर्मा, सञ्चालक का.म.न.पा. १०, बुद्धनगर, काठमाण्डौं<br>मदन लाल जोशी, सञ्चालक मानभवन, ललितपुर ।<br>देवेन्द्र प्रताप शाह, स्वतन्त्र सञ्चालक बुढानिलकण्ठ नगरपालिका वडा नं. ३, काठमाण्डौं | |
| ३. | प्रभु बैंक लि. (साविक सेञ्चुरी कमर्सियल बैंक लि. | बवरमहल, काठमाण्डौं | प्रभु बैंक लि. कम्पनी ऐन, २०६३ एवं बैंक तथा वित्तीय संस्था ऐन, २०७३ ( तत्कालीन बैंक तथा वित्तीय संस्था ऐन, २०६३ अर्न्तगत स्थापना भएको हो । साविक किष्ट बैंक लि., प्रभु विकास बैंक लि., गौरीशंकर डेभलपमेन्ट बैंक लि. र जेनिथ फाइनानस लि. आपसमा गाभिएर बनेको बैंक प्रभु बैंक लि. हो । यस बैंकले मिति २०७१ साल भाद्र ३० गतेबाट प्रभु बैंक लि. को नाममा वित्तीय कारोवार गर्दै आएको छ। त्यस पश्चात नेपाल विकास बैंक लि. लाई एक्विजिशन गर्दै साकि ग्राण्ड बैक लि. लाई मिति २०७२ साल माघ १५ गते यस संस्थामा गाभि हालसम्ममा ३६५ वटा शाखा विस्तार, ५६ वटा काउन्टर कार्यालय र २०१ एटिएम सञ्चालनमा ल्याई वित्तीय कारोवार गर्दै आएको छ । यस बैंकमा ५१% शेयर स्वामत्वि संस्थापक शेयरधनीहरुको र ४९% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ ।<br>हाल प्रभु बैंक लि.ले सेञ्चुरी कमर्सियल बैंक लि. लाई प्राप्ती गरी मिति २०७९/०९/२६ गतेबाट प्रभु बैंक लि. को नामबाट एकिकृत कारोवार शुरु गरिसकेको छ । | श्री लिला प्रकाश सिटौला अध्यक्ष का.म.न.पा., ७ चावहिल<br>श्री रमेश सिंह खड्का विदुर न.पा. २, नुवाकोट<br>श्री मन बहादुर राई वडा नं. १३, कुसुन्ती, ललितपुर ।<br>श्री शंकर प्रसाद कालिकोटा वडा नं ३१, शान्तिनगर, काठमाण्डौं ।<br>श्री रामेश्वर सापकोटा का.म.न.पा. १३, ताहाचल<br>श्री अभिषेक बज्राचार्य वडा नं. ४, धरान, सुनसरी ।<br>प्रा.डा. गीता प्रधान वडा नं. ३, झम्सिखेल, ललितपुर । | २,००,००० |

माथि उल्लेखित बैंक र कम्पनीका सञ्चालकहरुको ठेगाना कम्पनी रजिष्ट्रारको कार्यालयमा अध्यावधिक गरिएको व्यहोरा जानकारीमा आएको ।

कम्पनीका सञ्चालकहरुको सम्बन्धमा सञ्चालकहरुबाट सूचीकृत संगठित संस्थाहरुको सुशासन सम्बन्धी निर्देशिका, २०७४ अनुसारका प्रावधानहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) मा उल्लेखित प्रावधानहरुको पूर्ण रुपमा पालना भएको छ ।

**(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :** सो नभएको।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको शेयर प्रचलित कानूनको अधिनमा रही धितोबन्धक राख्न, बिक्री गर्ने वा अन्य कुनै व्यहोराले हक छाडी दिन सक्नेछ । तर संस्थापकतर्फका शेयरधनी समूह वा शेयरधनीले आफ्नो नाममा रहेको शेयर बिक्री गर्न चाहेमा ती शेयरहरुमा अन्य संस्थापक शेयरधनीहरुको पहिलो प्राथमिकता रहने छ ।

(ख) शेयर खरिद वा हस्तान्तरण गर्ने बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) कम्पनीले आफ्नो शेयर आफै खरिद गर्दा प्रचलित कानून व्यवस्थाको अधिनमा रही गर्नेछ ।

(घ) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम ३८ (१) मा भएको व्यवस्था अनुरुप यस विवरणपत्र मार्फत सर्वसाधारणका लागि निष्काशन गर्न लागिएको साधारण शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभई यस कम्पनीका संस्थापक शेयरधनी तथा कर्मचारीहरुले विक्री गर्न पाउने छैन ।

(ङ) बीमकको संस्थापक समूहमा शेयरधनीले बीमक दर्ता प्रमाणपत्र प्राप्त भएको मितिले कम्तीमा पाँच (५) वर्षसम्म त्यस्तो शेयर बिक्री गर्न, धितोबन्धक राखी ऋण लिन वा नामसारी गर्न गराउन पाउने छैनन् । तर बीमकको सञ्चालनमा कुनै वाधा व्यवधान उत्पन्न भै विशेष परिस्थिति सृजना हुन आएमा नेपाल बीमा प्राधिकरणको पूर्व स्वीकृति लिई संस्थापकहरुले आपसमा त्यस्तो शेयर खरिद बिक्री गर्न सक्नेछन् ।

(च) दफा (ङ) बमोजिमको ५ (पाँच) वर्ष अवधि समाप्त भएपछि संस्थापक समूहका शेयरधनीहरुले संस्थापक शेयर खरिद बिक्री गर्दा नेपाल बीमा प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(छ) व्यवसाय सञ्चालन गर्न बीमक दर्ता प्रमाणपत्र प्राप्त गरेको मितिले ५ (पाँच) वर्ष पूरा भएका बीमकले मात्र शेयर समूह परिवर्तन गरी बिक्री गर्न सक्नेछ ।।

ग.५.**ख. संस्थापक/सञ्चालकसँगको कारोवार :**

**(अ) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण** : सो नभएको ।

**(आ) बुँदा (अ) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका** : सो नभएको ।

### ग.६ सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी, कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा बीमा सम्बन्धी ऐन, २०७९ बमोजिम जीवन बीमा व्यवसायको कारोवार गर्न स्थापना भएको पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमको हद सम्म सीमित रहनेछ ।

### ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

**ग.७.क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क)** संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने :

| क्र. सं. | कर्मचारीको नाम र ठेगाना | त्ह | शैक्षिक योग्यता | नियुक्ति मिति | कार्य अनुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री नारायण बाबु लोहनी, सामाखुशी, काठमाण्डौं | प्रमुख कार्यकारी अधिकृत | इ.एम.बि.ए./बि.ई (सिभिल) | २०७४/०४/१९ | १. Consultant Engineer को रुपमा विभिन्न बैंक तथा वित्त कम्पनीहरुमा सन् १९९७ देखि सन् २००५ सम्म परामर्शदाताको रुपमा कार्य अनुभव ।<br>२. प्रवन्धक सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको रुपमा तत्कालिन रिलायवल फाइनान्स | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | लि. मा सन् २००५ देखि सन् २०१४ सम्म कार्यरत ।<br>३. प्रमुख कार्यकारी अधिकृतको रुपमा तत्कालिन रिलायवल डेभलपमेन्ट बैंक लि. मा सन् २०१४ देखि सन् २०१७ सम्म कार्यरत ।<br>४. प्रमुख कार्यकारी अधिकृतको रुपमा सन् २०१७ देखि हालसम्म यस रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लि. मा कार्यरत । | |
| २. | श्री दिपेश बाबु तिवारी, सिनामंगल, काठमाण्डौं | वरिष्ठ सहायक महाप्रबन्धक | इ.एम.बि.ए./एम.ए | २०७५/११/०६ | १. तत्कालिन प्रुडेन्सियल फाइनान्स लि. मा सन् २००३ देखि सन् २००६ सम्म प्रवन्धक पदमा कार्यरत ।<br>२. तत्कालिन रिलायवल फाइनान्स लि. मा सन् २००६ देखि सन् २००९ सम्म कम्पनी सचिव तथा वरिष्ठ प्रवन्धक पदमा कार्यरत ।<br>३. तत्कालिन रिलायवल डेभलपमेन्ट बैंक लि. मा सन् २०१४ देखि सन् २०१७ सम्म सहायक महाप्रवन्धक तथा कम्पनी सचिव पदमा कार्यरत।<br>४. ग्लोवल आइएमई बैंक लि. मा सन् २०१७ सन् २०१९ सम्म नायव प्रवन्धकको रुपमा कार्यरत ।<br>५. ग्लोवल आइएमई लघुवित्त वित्तीय संस्था लि. मा सन् २०१३ देखि २०१९ सम्म सञ्चालकको रुपमा कार्य अनुभव।<br>६. रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लि. मा सन् २०१९ देखि हालसम्म वरिष्ठ सहायक महाप्रबन्धकको रुपमा कार्यरत । | – |
| ३. | श्री शैलेन्द्र श्रेष्ठ जावलाखेल, ललितपुर | मुख्य प्रबन्धक | एम.बि.एस. | २०७४/०५/०९ | १. तत्कालिन नेशनल लाइफ एण्ड जनरल इन्स्योरेन्स लि. मा मिति २०५५ देखि मिति २०६२ सम्म कनिष्ठ सहायकको रुपमा कार्यरत ।<br>२. एन.एल.जी इन्स्योरेन्स लि. मा मिति २०६२ देखि मिति २०६५ सम्म सहायक पदमा कार्यरत ।<br>३. प्रुडेन्सियल इन्स्योरेन्स लि. मा मिति २०६५ देखि मिति २०६७ सम्म वरिष्ठ सहायक पदमा कार्यरत ।<br>४. एशियन लाइफ इन्स्योरेन्स लि.मा मिति २०६७ देखि मिति २०७४ सम्म प्रवन्धक पदमा कार्यरत ।<br>५.रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. मा मिति २०७४ मा वरिष्ठ प्रवन्धकको रुपमा रही हाल मुख्य प्रवन्धकको पदमा कार्यरत । | – |
| ४. | श्री कल्याण राज हलवाई | वरिष्ठ प्रबन्धक | एम.बि.एस. | २०७४/०५/०१ | १.नेपाल लाइफ इन्स्योरेन्स लि. मा सन् २००५ देखि सन् २००८ सम्म | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गोकर्णेश्वर, काठमाण्डौं | | | | सहायक प्रशिक्षार्थीदेखि वरिष्ठ सहायकको पदमा कार्यरत ।<br>२. एशियन लाइफ इन्स्योरेन्स लि. मा सन् २००८ देखि सन् २०१७ सम्म कनिष्ठ अधिकृत देखि नायव प्रबन्धकको पदमा कार्य अनुभव ।<br>३. रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. मा सन् २०१७ देखि हालसम्म<br>४.रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. मा मिति सन् २०१७ मा प्रवन्धकको रुपमा रही हाल वरिष्ठ प्रवन्धकको पदमा कार्यरत । | |
| ५. | श्री युवराज शर्मा, चाबहिल, काठमाण्डौं | वरिष्ठ प्रबन्धक | एम.बि.एस. ⁄ बि.एल. | २०७४ ⁄ ०५ ⁄ ०८ | १. सगरमाथा इन्स्योरेन्स लि. मा सन् २००० देखि सन् २००२ सम्म अधिकृत तथा शाखा प्रबन्धकको रुपमा कार्यरत ।<br>२. एन.बि इन्स्योरेन्स लि. मा सन् २००२ देखि सन् २००६ सम्म वरिष्ठ अधिकृत देखि सहायक प्रबन्धकको रुपमा कार्यरत ।<br>३. सांग्रिला डेभलपमेन्ट बैंक लि. मा सन् २००९ देखि सन् २०१३ सम्म अधिकृत तथा शाखा प्रबन्धकको रुपमा कार्यरत ।<br>४. पूर्वाञ्चल विश्वविद्यालयमा सन् २०११ देखि सन् २०१७ सम्म व्याख्याताको रुपमा कार्य अनुभव ।<br>५. प्रिमियर इन्स्योरेन्स लि.मा सन् २०१५ देखि सन् २०१७ सम्म नायब प्रबन्धक तथा शाखा प्रबन्धकको रुपमा कार्यरत ।<br>६. रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. मा सन् २०१७ मा प्रवन्धकको रुपमा रही हाल वरिष्ठ प्रवन्धकको पदमा कार्यरत । | – |

साथै माथि उल्लेखित कर्मचारीहरु सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा नरहेको ।

**कम्पनीका उच्च व्यवस्थापकीय तहका कर्मचारीको अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको कित्ता र रकम** : सो नभएको ।

(ख) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने :** सो नभएको ।

(ग) **कर्मचारीको संख्या:**

| क्र.सं. | कूल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी |
|---|---|---|---|---|---|---|
| १ | ३३४ | २३७ | २३ | ५० | - | २४ |

**ग.७.ख. सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण** :

(क) **सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

कम्पनीको नियमावलीको नियम ३२ (ख) मा भएको व्यवस्था बमोजिम सञ्चालकहरुले निम्न बमोजिमको पारिश्रमिक तथा सुविधाहरु प्राप्त गर्नेछन् :

- सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुलाई प्रति बैठक भत्ता क्रमशः रु.१०,०००।- र रु.९,०००।- प्रदान गर्ने व्यवस्था रहेको छ ।
- सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुलाई यातायात तथा इन्धन खर्च वापत मासिक रु.७,५००।- प्रदान गर्ने व्यवस्था रहेको छ ।
- सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुलाई सञ्चार सुविधा वापत मासिक रु.३,५००।- प्रदान गर्ने व्यवस्था रहेको छ ।
- उप समितीमा प्रतिनिधित्व गर्ने सञ्चालकलाई सो उपसमितिको बैठकमा सञ्चालक सरहको भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ ।
- कम्पनीको कामको सिलसिलामा सञ्चालकहरुलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम रहने व्यवस्था रहेको छ :
  (अ) स्वदेशमा दैनिक भत्ता रु.७,०००।-
  (आ) भारतमा दैनिक भत्ता भा.रु.१६,०००।-
  (इ) भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३००।-
  (ई) भ्रमण भत्ता बिल बमोजिम ।

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन (३) जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र निजहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| **क्र. सं.** | **नाम** | **पद** | **एक आर्थिक वर्ष २०७८/०७९ को अवधिभित्र पारिश्रमिकको रुपमा भुक्तान गरीएको रकम ( रु.)** |
|---|---|---|---|
| १. | श्री नारायण बाबु लोहनी | प्रमुख कार्यकारी अधिकृत | १३,४७१,३८७०८ |
| २. | श्री दिपेश बाबु तिवारी | वरिष्ठ सहायक महाप्रबन्धक | ३,६८९,२६८.८०।- |
| ३. | श्री शैलेन्द्र श्रेष्ठ | मुख्य प्रबन्धक | २,००४,७०८.१५।- |
| ४. | श्री कल्याण राज हलवाई | वरिष्ठ प्रबन्धक | १,७७८,४९७.१४।- |
| ५. | श्री युवराज शर्मा | वरिष्ठ प्रबन्धक | १,७७९,३२२.८१।- |

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरणः**
सो नभएको ।

## ग.८. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

कम्पनीको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा कम्पनीको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
निक्षेप, लगानी तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु र नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, शेयर मार्केटमा आउने उतार चडाववाट पर्न सक्ने जोखिम ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** लागु नहुने।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः**
१. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
२. पूनर्बीमा कम्पनीको नेपालको बीमा बजारप्रतिको विश्लेषणमा हुने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि** (Cost Overrun) **को जोखिमः** लागु नहुने ।

**(ङ) विदेशी विनिमयको जोखिम :** देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटवढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** लागु नहुने।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीले पार्न सक्ने असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** नेपाल सरकार तथा नेपाल बीमा प्राधिकरणको नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव :** यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार सञ्चालनको लागि स्वीकृति प्राप्त गरी मिति २०७४/०५/१६ गतेबाट आफ्नो विधिवत कारोवार सञ्चालनमा ल्याएको हुँदा बीमा कम्पनीको कारोवार सञ्चालनको इतिहासको छोटो अनुभव रहेको छ। झण्डै ५ वर्षको संचालन अवधिमा कम्पनीले आफुलाई बीमा बजारको क्षेत्रमा प्रतिष्प्रर्धीहरु बीच एक सवल संस्थाको रुपमा उभ्याई कुल बीमा बजारको करीब ६ प्रतिशत हिस्सा ओगटन सफल भएको छ। बीमालेख संख्याका आधारमा यस कम्पनीले सर्वाधिक बीमालेख जारी गर्न सफल भएको छ।

(ञ) **प्रविधीको परिवर्तनबाट हुन सक्ने जोखिम :** नयाँ प्रविधिको विकाससँगै कम्पनीले प्रयोग गर्ने प्रविधिमा हुने परिवर्तनले पर्न सक्ने सञ्चालन तथा साख सम्बन्धी जोखिम।

(ट) बीमालेख अन्तर्गत जोखिम न्युनिकरणका लागि कम्पनीले देहाय अनुसार पुनर्बीमा र बीमाङ्कीय मूल्याङ्कन गरेको छ।

(१) **पुनर्बीमा :**

| पूर्नबीमाको प्रकार | विवरण | सम्झौता |
|---|---|---|
| म्यादी बीमा सम्बन्धी पुनर्बीमा (वैदेशिक रोजगारी र लघु/ कर्जा म्यादि बीमा) | पुनर्बीमा कम्पनी सँगको सम्झौता अनुसार वैदेशिक रोजगारी बिमाको कूल बीमाङ्कको ७०% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ३०% को जोखिम पूर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको छ। म्यादि बीमामा कुल बीमाङ्कको ६०% को जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ४०% को जोखिम पूर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको छ। | (१) नेपाल रि-इन्स्योरेन्स कम्पनी लि. सँग वैदेशिक रोजगारी पुनर्बीमा वि.सं. २०७४ श्रावण ०१ ( तदनुसार जुलाई १६, २०१७) मा शुरु सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको। त्यसैगरी म्यादि पुनर्बीमा बीमा को सम्झौता वि.सं. २०७५ कार्तिक ०१ (तदनुसार अक्टोबर १८, २०१८) मा शुरु सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको। (२) हिमालय रि-इन्स्योरेन्स लि. सँग वि.सं. २०७९ कार्तिक २ (तदनुसार मे १८, २०२२) मा शुरु सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको। |
| सावधिक जीवन बीमा सम्बन्धी पूर्नबीमा | पूर्नबीमा कम्पनी सँगको सम्झौता अनुसार कूल बीमाङ्कमा रु.५००,०००।- सम्मको जोखिम बहन कम्पनी स्वयंले गर्ने र सो भन्दा माथिको बीमाङ्कको लागि पुनर्बिमा गर्ने व्यवस्था रहेको। | (१) नेपाल रि-इन्स्योरेन्स कम्पनी लि. सँग वि.सं. २०७५ श्रावण ०१ (तदनुसार जुलाई १७, २०१८) मा शुरु सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको। (२) हिमालय रि-इनस्योरेन्स लि. सँग वि.सं. २०७९ कार्तिक २ (तदनुसार मे १८, २०२२) मा शुरु सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हूने व्यवस्था रहेको। |
| महाविपत्ती पूर्नबीमा | पूर्नबीमा कम्पनी सँगको सम्झौता अनुसार महाविपत्ती बाट हुने रु.१०,०००,०००।– सम्मको जोखिम कम्पनी स्वयंले बहन गर्ने र सो भन्दा माथि रु.४००,०००,०००।– सम्मको जोखिम पूर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको। | महाविपत्ती जोखिमका लागि M/S Hannover Rueck SE, Malaysia सँग महाविपत्ती पूर्नबीमा सम्झौता वि.सं. २०७९ श्रावण ९ (तदनुसार सेप्टेम्बर १९, २०२२) मा शुरु सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको। |

(२) **बीमाङ्कीय मूल्याङ्कन (Actuarial Valuation ) :**

| विवरण | सम्झौता |
|---|---|
| कम्पनीले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि आफ्नो आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मुल्याङ्कन गर्नका लागि उपयुक्त ज्ञान, अनुभव र ख्याती भएको बीमाङ्की नियुक्त गर्ने गरेको छ। बीमाङ्कीको मुल्याङ्कन प्रतिवेदन अनुसार नेपाल बीमा प्राधिकरणको स्वीकृति पश्चात् बीमालेख लिनेलाई प्रदान गरिने मुनाफा (Bonus) दर निर्धारण, शेयरधनी कोष (Shareholder Fund) मा सार्ने रकम, सोल्भेन्सी मार्जिन आदि एकिन हुने गरेको छ। | आ. व. २०७८/०७९ को बीमाङ्कीय मुल्याङ्कन रिधि पलिवालले गर्नु भएको र वि.सं. २०७९ माघ १६ (तदनुसार जनवरी ३०, २०२३) मा शुरु सम्झौता भएको। |

(ठ) कम्पनीको सम्पत्ति लगायत अन्य सम्भावित जोखिमलाई न्यूनिकरणका लागि देहाय वमोजिमको बीमा सम्बन्धी व्यवस्था गरेको छ ।

| सि नं | विवरण | बीमकको नाम | बीमा समाप्त हुने अवधि | बीमाङ्क रकम |
|---|---|---|---|---|
| १ | मोटर बीमालेख | अजोड इन्स्योरेन्स लि. | १२/११/२०२३ | ४,१३४.२६ |
| २ | | अजोड इन्स्योरेन्स लि. | १२/११/२०२३ | ४,१३४.२६ |
| ३ | | अजोड इन्स्योरेन्स लि. | १२/११/२०२३ | ४,०५८.७२ |
| ४ | | अजोड इन्स्योरेन्स लि. | १२/११/२०२३ | ४,१३४.२६ |
| ५ | | अजोड इन्स्योरेन्स लि. | २०२४/०६/१५ | ३,२२२.७३ |
| ६ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,९७२.३८ |
| ७ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,९७२.३८ |
| ८ | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | २,७५०.४२ |
| ९ | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | ३,४६१.६५ |
| १० | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | २,९४६.६३ |
| ११ | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | २,९४६.६३ |
| १२ | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | २,९४६.६३ |
| १३ | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | २,९४६.६३ |
| १४ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,५४७.९४ |
| १५ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,५४७.९४ |
| १६ | | अजोड इन्स्योरेन्स लि. | १३/१०/२०२३ | ४,७६७.८७ |
| १७ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,६५२.८० |
| १८ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,७१०.१५ |
| १९ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,५४७.९४ |
| २० | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ४,१३४.२६ |
| २१ | | अजोड इन्स्योरेन्स लि. | ०९/०५/२०२४ | ७,७००.२५ |
| २२ | | अजोड इन्स्योरेन्स लि. | ०८/०८/२०२३ | ५,७८५.८९ |
| २३ | | अजोड इन्स्योरेन्स लि. | १५/०६/२०२४ | ३,७८६.४५ |
| २४ | | अजोड इन्स्योरेन्स लि. | ०९/११/२०२३ | ३,७३४.९३ |
| २५ | | अजोड इन्स्योरेन्स लि. | ०९/११/२०२३ | ४,४८२.२४ |
| २६ | | अजोड इन्स्योरेन्स लि. | १४/०७/२०२३ | ३,६८४.६१ |
| २७ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,७३०.०७ |
| २८ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,९८६.२६ |
| २९ | | अजोड इन्स्योरेन्स लि. | १५/१०/२०२३ | ४,१३४.२६ |
| ३० | | अजोड इन्स्योरेन्स लि. | १४/०७/२०२३ | ३,१०९.९५ |
| ३१ | | अजोड इन्स्योरेन्स लि. | १५/०७/२०२३ | ३,१०९.९५ |
| ३२ | | अजोड इन्स्योरेन्स लि. | १५/०७/२०२३ | ३,९४३.०७ |
| ३३ | | अजोड इन्स्योरेन्स लि. | १५/०६/२०२४ | ३,६५६.३५ |
| ३४ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ५,८५८.०८ |
| ३५ | | अजोड इन्स्योरेन्स लि. | १०/११/२०२३ | ३,५४७.९४ |
| ३६ | | अजोड इन्स्योरेन्स लि. | १५/१०/२०२३ | ४,१३४.२६ |
| ३७ | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | ४,८६०.५७ |
| ३८ | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | ३,४६१.६५ |
| ३९ | | अजोड इन्स्योरेन्स लि. | ३०/११/२०२३ | ४,७२४.७० |
| ४० | | अजोड इन्स्योरेन्स लि. | ०९/०५/२०२४ | ४,७७६.५१ |
| ४१ | | अजोड इन्स्योरेन्स लि. | १५/०६/२०२४ | ५,७१९.११ |
| ४२ | | सानिमा जनरल इन्स्योरेन्स लि. | १४/०९/२०२३ | ६,२६०.२८ |
| ४३ | | लुम्वीनी जनरल इन्स्योरेन्स लि. | १९/०९/२०२३ | ३,४६४.५८ |
| ४४ | | अजोड इन्स्योरेन्स लि. | ०२/१२/२०२४ | ४,९२९.७६ |
| ४५ | | अजोड इन्स्योरेन्स लि. | ०२/१२/२०२४ | ३,७६३.७४ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | | अजोड इन्स्योरेन्स लि. | ०२/१२/२०२४ | ३,८२९.०१ |
| ४७ | | अजोड इन्स्योरेन्स लि. | ०२/१२/२०२४ | ३,५७६.४० |
| ४८ | | अजोड इन्स्योरेन्स लि. | ०२/११/२०२४ | ४,७२४.७० |
| ४९ | | अजोड इन्स्योरेन्स लि. | ०२/११/२०२४ | ३,३१४.०१ |
| ५० | | अजोड इन्स्योरेन्स लि. | ०२/११/२०२४ | ४,१२३.४७ |
| ५१ | | अजोड इन्स्योरेन्स लि. | ०२/११/२०२४ | ४,१२३.४७ |
| ५२ | | अजोड इन्स्योरेन्स लि. | ०२/१२/२०२४ | ३,७९८.४२ |
| ५३ | | अजोड इन्स्योरेन्स लि. | ०२/११/२०२४ | ४,१२३.४७ |
| ५४ | | अजोड इन्स्योरेन्स लि. | ०२/१२/२०२४ | ३,७९८.४२ |
| ५५ | | अजोड इन्स्योरेन्स लि. | १२/११/२०२३ | ३४,२७२.०० |
| ५६ | | अजोड इन्स्योरेन्स लि. | १६/०७/२०२३ | २६,५६७.६४ |
| ५७ | | अजोड इन्स्योरेन्स लि. | ०९/११/२०२३ | १४,४६२.४६ |
| ५८ | | अजोड इन्स्योरेन्स लि. | ०९/११/२०२३ | ६५,०९२.३८ |
| ५९ | | प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | २९/११/२०२३ | १४,४१७.६७ |
| ६० | | प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | २९/११/२०२३ | १४,४१७.६७ |
| ६१ | | प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | २८/११/२०२३ | २६,२८७.१९ |
| ६२ | | प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | २९/११/२०२३ | १४,४१७.६७ |
| ६३ | सम्पत्ति बीमालेख | हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. | २९/०५/२०२४ | ९४,१३६.५७ |
| ६४ | मार्गस्थ नगद बीमालेख | नभएको | | |

**(ड) अन्य :** सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ।

- कम्पनीमा सक्षम र सबल आन्तरिक नियन्त्रण प्रणाली विकास गर्ने,
- उचित जोखिम मूल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने,
- अनुभवी तथा दक्ष जनशक्तिद्धारा दावी उपर उचित व्यवस्थापन गर्ने,
- नेपाल बीमा प्राधिकरणद्धारा जारी लगानी निर्देशिका अनुरुप लगानी गर्ने,
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखापरिक्षकले औल्याएका कैफियतहरु सुधार गर्दै लैजाने,
- नेपाल बीमा प्राधिकरणले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिकाहरु पालना गर्दै आईरहेको र परेका चुनौतीहरुलाई व्यवस्थापन गर्दै अगाडि बढ्ने, र
- **पुनर्बीमा बीमाङ्की, बीमालेखसँग सम्बन्धित योजना एवं अन्य योजना :** बीमालेख अन्तर्गत जोखिम न्युनिकरणका लागि कम्पनीले बीमालेख अन्तर्गत धारण गरेको जोखिमको केही अंश पुनर्बीमा गर्ने गरिएको, नियमन निकायको स्वीकृति बमोजिम बीमाङ्की नियुक्त गरी हरेक वर्ष दायित्वको लेखा जोखा (Valuation) गराउने कार्य गर्ने ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

प्रति शेयर अंकित मूल्य रु.१००।–का दरले हुने निष्काशनमा प्रिमियम वापत रु. १५७।– थप गरी प्रति कित्ता रु.२५७।– कायम गरिएको र शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ग.९. वित्तीय विवरण :

### ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

**(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण :** वित्तीय संस्थाको आ.व.२०७८/०७९ को वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

## २०७९ साल असार मसान्तको वासलात

(रकम रु. हजारमा)

| विवरण | रकम (रु.) |
|---|---|
| **सम्पत्तिहरु** | |
| अमूर्त सम्पत्तिहरु | १,१८३ |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | १,३३,६५५ |
| सम्पत्तीमा लगानी | - |
| स्थगित कर सम्पत्ति | ९,८५२ |
| सहायक कम्पनीहरु लगानी | - |
| सहयोगीहरुमा लगानी | - |
| लगानी | ७१,०७,९७४ |
| ऋण | २,१३,९८४ |
| पुनर्बीमा सम्पत्तिहरु | १,१९७ |
| चालु कर सम्पत्तिहरु (खुद) | १,९४,३३२ |
| बीमा प्राप्य | २,४६,२५९ |
| अन्य सम्पत्तीहरु | २६,३९६ |
| अन्य वित्तिय सम्पत्तीहरु | ९७,८२८ |
| नगद तथा बैंक मौज्दात | ३,३६,३८४ |
| **जम्मा सम्पत्तिहरु** | **८३,६९,०४४** |
| **इक्विटी** | |
| शेयर पूँजी | १४,००,००० |
| शेयर आवेदन बाँडफाँट बाँकी रकम | - |
| शेयर प्रियियम | - |
| महा-विपत्ती जगेडा | ८७,५८६ |
| संचित नाफा/नोक्सान | ७,४२,११० |
| अन्य इक्विटी | ४२,४२१ |
| **जम्मा इक्विटी** (१) | **२२,७२,११७** |
| **दायित्व** | |
| प्रावधानहरु | ३७,५२३ |
| कुल बीमाङ्क दायित्वमा | ५५,१६,६०७ |
| स्थगित कर दायित्व | - |
| भुक्तानी हुन बाँकी बीमा | २१,६६७ |
| चालु कर दायित्वहरु (खुद) | - |
| उधारो | - |
| अन्य वित्तीय दायित्व | ४,२७,५१४ |
| अन्य दायित्वहरु | ९३,६१६ |
| **जम्मा दायित्वहरु** (२) | **६०,९६,९२७** |
| **जम्मा इक्विटी र दायित्वहरु** (१+२) | **८३,६९,०४४** |

## मिति २०७८ साल श्रावण १ देखि २०७९ साल असार मसान्तसम्मको नाफा-नोक्सान हिसाब

(रकम रु हजारमा)

| विवरण | रकम (रु.) |
|---|---|
| कुल आर्जित प्रिमियम | ४०,४४,०९४ |
| प्रिमियम हस्तान्तरण | (२,१५,०५३) |
| **खूद आर्जित प्रिमियम** | **३८,२९,०४१** |
| कमिसन आय | ५,५८० |
| लगानी आय | ५,९४,५४७ |
| उचित मूल्य परिवर्तनमा खुद नाफा/नोक्सान | - |
| खुद प्राप्त गरेको नाफा/नोक्सान | ५२ |
| अन्य आम्दानी | ५,५६७ |

| | |
|---|---|
| **जम्मा आय** | ४४,३४,७८६ |
| **खर्चहरु** | |
| कुल लाभ र दावी भुक्तानी | ११,९०,९६३ |
| क्याड दावी | (३,०५,४११) |
| कुल बीमाङ्क दायित्वमा परिवर्तन | १८,५३,७५२ |
| पुनर्बीमा हस्तान्तरण गएिका कुल बीमाङ्क दायित्वमा परिवर्तन | (१,१६२) |
| **खुद बीमा लाभ र दावी** | **२७,३८,१४२** |
| कमिसन खर्च | **५,७९,७४६** |
| सेवा शुल्क (खुद) | **३८,२९०** |
| कर्मचारी वोनस व्यवस्था | **२,६४,४३९** |
| ह्रास तथा परिशोधन खर्च | **२४,५३७** |
| नोक्सानीको लागि व्यवस्था | **-** |
| अन्य खर्च | ४,४२,९८८ |
| वित्तिय खर्च | ६,६६० |
| **जम्मा खर्चहरु** | ४०,९४,८०२ |
| **कर अघिको नाफा** | **३,३९,९८४** |
| **समायोजित आयकर खर्च** | (२,५१४) |
| **खुद नाफा** | **३,४२,४९८** |

## अन्य विस्तृत आय

**(रकम रु. हजारमा)**

| **विवरण** | **रकम** |
|---|---|
| **खुद नाफा/(नोक्सान) यस वर्षको** | **३,४२,४९८** |
| अन्य विस्तृत आम्दानी | - |
| **(क) नाफा नोक्सान हिसाबमा वर्गिकरण हुने** | |
| Fair Value मा मापन गर्दा डिबेन्चरमा भएको नाफा/(नोक्सान) | - |
| नगद प्रवाह हेजमा लाभ/(नोक्सान) | - |
| विनिमय लाभ/(नोक्सान) (अन्तराष्ट्रिय Operation को वित्तीय सम्पत्ति रुपान्तरण | - |
| ईक्विटि विधिबाट लेखाङ्कन गरिएको सम्वद्ध संस्थाको हिस्सा | - |
| माथि उल्लेखित शीर्षकहरुको आयकर | - |
| नाफा/(नोक्सान) पुन वर्गीकृत | - |
| **(ख) नाफा नोक्सान हिसाबमा वर्गिकरण नहुने** | |
| Fair Value मा मापन गर्दा ईक्विटीमा भएको नाफा/(नोक्सान) | **(३१,७९२)** |
| सम्पत्तिको पुनर्मूल्याङ्कनमा मूल्यह्रास रकम | - |
| रोजगार पछिको लाभको पुर्नमापन | ५,००३ |
| पुनर्मूल्याङ्कनमा खुद लाभ/(नोक्सान) | - |
| ईक्विटी विधिबाट लेखाङ्कन गरिएको सम्वद्ध संस्थाको हिस्सा | - |
(१) धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन वा बिक्री प्रस्ताव मार्फत निष्काशन गर्न चाहने सङ्गठित संस्थाको धितोपत्रको प्रिमियम गणना गर्दा पछिल्लो तीन वर्षको पूँजीकृत भएको आम्दानी (क्यापिटलाइज्ड अर्निङ्ग), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो) र अन्तर्राष्ट्रिय प्रचलनको आधारमा मूल्याङ्कनकर्ताले अपनाएको अन्य कुनै एक विधि अवलम्बन गरी प्राप्त हुने कुल मूल्यको औषत मूल्य गणना गर्नु पर्नेछ : कम्पनीको नेटवर्थ, पछिल्लो तीन वर्षको पूँजीकृत भएको आम्दानी (क्यापिटलाइज्ड अर्निङ्ग) र भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो) विधि अवलम्बन गरी प्राप्त हुने कुल मूल्यको औषत मूल्य गणना गरिएको छ ।

(२) माथि उल्लेखित बुँदा नं. (१) बमोजिम कायम भएको औषत मूल्य र सङ्गठित संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको दुई गुणाले हुन आउने मूल्यमा जुन कम हुन्छ सो रकमलाई प्रिमियम कायम गर्नु पर्नेछ : माथि उल्लेखित बुँदा नं. (१) बमोजिम कायम भएको औषत मूल्य र सङ्गठित संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको दुई गुणाले हुन आउने मूल्यमा जुन कम हुन्छ सो रकमलाई प्रिमियम मूल्य कायम गरिएको छ ।

(३) माथि उल्लेखित बुँदा नं. (१) बमोजिमका विधि अवलम्बन गर्दा लिइएका मान्यता तथा आधारहरू खुलाई सो को औचित्य समेत स्पष्ट गर्नु पर्नेछ : प्रिमियम निर्धारणको लागि संगठित संस्थाभन्दा बाहिरका विज्ञ जि एण्ड जि. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौंले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ तथा नियम २५ क. बमोजिमको विधि अवलम्बन गरी पेश गरेको मूल्याङ्कन प्रतिवेदन तहाँ पेश गरिएको र सो प्रतिवेदनमा प्रिमियम निर्धारण गर्दा लिइएका मान्यता तथा आधारहरु र सो को औचित्य समेत समावेश रहेको छ ।

## ग.१०(ङ) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

### (क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृयाः

सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको समेत) को हकमा शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँट गरिने छ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

७. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँट गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ता बीच भएको प्रत्याभुत सम्वन्धि सम्झौता बमोजिम प्रत्याभुतकर्ताले खरिद गर्नेछ ।

**(ख) अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृति/अस्वीकृति भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपर्ने आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**

"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा उपरोक्त व्यवस्था लागू नहुने ।

**(घ) धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :**

यस विवरणपत्र अनुसार जारी गरिएको धितोपत्रहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकृत तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता भए पश्चात् आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँट परेका शेयर जम्मा/वितरण गर्ने व्यवस्था मिलाइने छ ।

**(ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको ।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने धितोपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार धितोपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई धितोपत्र खरिद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**(छ) प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको १,२०,००,००० कित्ता साधारण शेयरका लागि धितोपत्र प्रत्याभूतिकर्ताहरु क्रमशः श्री सानिमा क्यापिटल लि., श्री सानिमा इक्यूटि फण्ड, श्री सानिमा ग्रोथ फण्ड, श्री कुमारी क्यापिटल लि., आरविवि मर्चेण्ट बैंकर लि., मुक्तिनाथ क्यापिटल लि., एलिट क्यापिटल लि. र सनराइज क्यापिटल लि., काठमाण्डौबाट १,२०,००,००० कित्ता शेयरको लागि तपसील बमोजिमका प्रत्याभूतिकर्ताहरुबाट प्रत्याभूति सेवा प्रदान गर्न मञ्जुर गरेको छ ।

| सि.नं. | प्रत्याभूतिकर्ताको नाम | प्रत्याभूति गरेको शेयर संख्या | प्रति शेयर प्रिमियम रकम सहित (रु.) | प्रत्याभूत रकम (रु.) |
|---|---|---|---|---|
| १. | श्री सानिमा क्यापिटल लि., नक्साल, काठमाण्डौं । | १७,७०,००० | २५७- | ४५४,८९०,०००।– |
| २ | श्री सानिमा इक्यूटि फण्ड, नक्साल, काठमाण्डौं । | ६,२०,००० | २५७- | १५९,३४०,०००।– |
| ४ | श्री कुमारी क्यापीटल लि., नक्साल, काठमाण्डौं । | ३६,१२,००० | २५७- | ९२८,२८४,०००।– |
| ५ | श्री आरविवि मर्चेण्ट बैंकर लि., टेकु, काठमाण्डौं । | १५,१९,००० | २५७- | ३९०,३८३,०००।– |
| ६. | श्री मुक्तिनाथ क्यापिटल लि., कमलादि, काठमाण्डौ | १०,७०,००० | २५७- | २७४,९९०,०००।– |
| ७ | श्री एलिट क्यापिटल लि. नक्साल, काठमाण्डौं । | १८,०६,००० | २५७- | ४६४,१४२,०००।– |
| ८. | श्री सनराइज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौं । | १०,०३,००० | २५७- | २५७,७७१,०००।– |
| | | ६,००,००० | १००।-* | ६०,०००,०००।– |
| | जम्मा | **१,२०,००,०००** | | २,९८९,८००,०००।– |

* कम्पनीको मिति २०७९ असोज ७ गते बसेको पाँचौ वार्षिक साधारणसभाको निर्णयानुसार कम्पनीका कर्मचारीहरुलाई प्रति शेयर अंकित मुल्य रु.१००।- को दरले शेयर जारी गर्ने निर्णय गरेको ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत् निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु देहाय बमोजिम रहेका छन् :

१. खरीद प्रत्याभूति गरेका शेयरहरु सर्वसाधारणबाट निष्काशन अवधिमा माग भए बमोजिम आवेदन प्राप्त हुन नआएमा बाँकी रहेका शेयरको खरिद दायित्व प्रत्याभूतिकर्ताको हुनेछ ।

२. प्रत्याभूति सेवा प्रदान गरे वापतको प्रत्याभूतिकर्तालाई निष्काशन कम्पनीले प्रत्याभुति गरेको रकमको ०.५० प्रतिशत बमोजिम कमिशन रकम फिर्ता नहुने गरि भुक्तानी गर्नु मञ्जुर गर्दछ ।

३. प्रत्याभूतिकर्ताले प्रत्याभूत गरेका शेयर पूर्ण वा आंशिक रुपमा खरीद गर्नुपर्ने अवस्था आएमा प्रत्याभूत गरिएको शेयरको अनुपातमा खरीद गर्नु पर्ने शेयरको रकम कम्पनीले निष्काशित शेयर बाँडफाँट भएको २१ दिनभित्र निष्काशनकर्ता कम्पनीलाई चुक्ता गर्नु पर्नेछ ।

४. प्रत्येक प्रत्याभूतिकर्ताको दायित्व निजले प्रत्याभूति गर्न मन्जुर गरेको रकमको हदसम्म मात्र कायम रहनेछ । कुनै प्रत्याभूतिकर्ताले आफ्नो दायित्व पूरा नगरेमा सो को दायित्व अन्य प्रत्यभूतिकर्तामा सर्ने छैन । कम्पनीले निष्काशन गर्ने शेयरहरु पूर्णरुपमा खरीद भए पछि प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

५. दैवी/प्राकृतिक प्रकोप परेमा, निष्काशन कम्पनीलाई नियामकले नियन्त्रणमा लिएमा, तत्कालै सुधारको निमित्त कारवाही प्रारम्भ गर्ने निर्देशन दिएमा, दामासाहीमा जाने निर्णय गरेमा, टाट उल्टेमा, इजाजतपत्र निलम्बन वा खारेज भएमा, कुनै पनि अनियमितताको अनुसन्धान भएमा, प्रस्तावित मूल्य बजार मूल्य भन्दा बढि भएमा जस्ता कुनै असाधारण अवस्था उत्पन्न भई पक्षहरुको काबु बाहिरको परिस्थिती उत्पन्न भएमा तथा कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपूर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वकृति पूर्व वा पश्चात् निष्काशन प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा प्रत्यभूतिकर्ताहरुले सो कुरा कम्पनीलाई जानकारी गराउनेछ र सो जानकारी पाएको मितिले एक महिना भित्र कम्पनीले सो परिस्थितीहरुवाट सामान्य अवस्थामा ल्याउनु पर्नेछ, ल्याउन नसकेमा प्रत्याभूतकर्ताहरुले सात दिनको सूचना दिएर यो सम्झौता अन्त्य गर्न सक्नेछ ।

६. कम्पनीले निष्काशन गर्न लागेको शेयरको निष्काशन तथा बिक्री खुला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको जस्तैः कुनै गम्भिर कानुनी कारवाही परेमा, सञ्चालक समितिमा सारभूत परिवर्तन भएमा, प्रमुख व्यवस्थापकहरु परिवर्तन (आन्तरीक सरुवा वाहेक) भएमा, अप्रत्याशित रुपमा ठुलो दायित्व श्रृजना भएमा वा कम्पनीले अप्रत्याशित रुपमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभुतिकर्ताहरुलाई गराउनु पर्नेछ । सो जानकारी प्राप्त भएपछि प्रत्याभूतिकर्ताले त्यसबाट पर्न जाने जोखिमको पूनर्मूल्याङ्कन गरी यस सम्झौतापत्रमा संशोधनका लागि निष्काशन कम्पनीलाई अनुरोध गर्न सक्नेछ र सबै पक्षहरुको आपसी सहमतिमा यो सम्झौतामा संशोधन गर्न सकिनेछ ।

७. प्रत्येक प्रत्याभुतिकर्ताले कर्मचारीहरुलाई छुट्टाइएको रु.१००/- अंकित दरका शेयर पूर्ण रुपमा विक्री नभएमा आफुले प्रत्याभुति गर्न कवुल गरेको शेयरको अनुपातमा उक्त शेयरको समेत प्रत्याभुति गर्नेछ ।

८. संझौता मिति २०७८।०२।१७ मा भएको र संझौता मितिवाट ६ महिना सम्म वहाल रहेन र उक्त समय सम्म शेयर निष्काशन नभएमा अर्को ६ महिना थप गर्न सकिने ।

**(छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रिया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत सर्वाजनिक निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् कायम हुने शेयरधनीहरुले सर्वसधारण शेयरधनीहरुको तर्फवाट हुने निर्वाचित हुने सञ्चालकहरुको निर्वाचनको हकमा मात्र माग लिई मतदान गर्न पाउने छन् ।

२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र वोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही कम्पनीले आर्जन गरेको मुनाफाबाट बोनस वा लभांश वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र वोर्ड तथा अन्य सम्वन्धित नियामक निकायहरुको स्वीकृति लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार बाँडफाँड गरि तोकिएको अवधि भित्र शेयर खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड कार्यालय बाग्मती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ३०, ज्ञानेश्वर वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिभिल क्यापिटल मार्केट लि. सुन्धारा, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तावालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५,४०० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

**(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिदिनुपर्ने पक्षहरुः**

**नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरेहका नेपाली नागरिकहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।
२. यस निष्काशनको लागि १५ (पन्ध्र) दिनको अवधि तोकी आह्वान पत्र प्रकाशित गरिनेछ ।
३. आवेदन दिंदा बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नु पर्नेछ ।
४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकको विप्रेषण (रेमिटचान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा पचास हजार नेपाली रुपैयाँ आफू रोजगार रहेको मुलुकबाट आफैले जम्मा गरेको हुनुपर्नेछ ।
५. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकले हितग्राही खाता खोल्दा विद्युतीय माध्यमबाट समेत खोल्न सक्नेछन् । यसको लागि सम्बन्धित निक्षेप सदस्यले ग्राहक पहिचान विवरण रुजु गरी हितग्राही खाता खोल्न सक्नेछन् ।
६. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाले विद्युतीय माध्यमबाट सिआरएन नम्बर लिई आवेदन दिने व्यवस्था गर्न सक्नेछ ।
७. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याएको शेयरमा आवेदन गर्न सक्ने छैन ।
८. रु. ५०,००० सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रपमा स्थायि लेखा नं. (PAN) दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

**सर्वसाधारणको हकमा :**

**१.** कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।
**२.** आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत् मात्र आवेदन दिनुपर्नेछ । सो सम्बन्धी अन्य प्रक्रिया तथा शुल्क सम्वन्धी व्यवस्था सम्वन्धित सि-आस्व सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।
**३.** आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।
**४.** आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।
**५.** आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फारम भरी बुझाउनुपर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।

ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।

च. आवेदकको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormat) रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा अनुसन्धान गर्ने निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गर्नेछ ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

१५. शेयर बाँडफाँट गरी सूचीकरण भए पश्चात् बाँडफाँटमा परेको आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१६. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरुको लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीको लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम ५,४०० कित्ता सम्मको लागि आवेदन दिन सकिनेछ ।

१७. संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्नेछैन ।

१८. रु.५०,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

## ग. ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** सो नभएको ।

**(ख) आधारभूत शेयरधनी :** सो नभएको ।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** सो नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको।

**(ङ) संगठित संस्थाको वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :**
कुनै कारोवार वा सम्झतौ गरेको छैन ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण :** सो नभएको ।

**ग १२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :** सो नभएको ।

**ग १३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मुल्यका साथै कारोबार भएको शेयर संख्या:** सो नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यको साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या** : सो नभएको

**ग १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**
**संगठित संस्थाले यसभन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग १५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

- **लेखापरीक्षक :**
  यस कम्पनीको आ.व. २०७८/०७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण श्री के.ए.एस. एसोशिएट्स चार्टर्ड एकाउन्टेन्टस्, काठमाण्डौंले गर्नुभएको हो । साथै कम्पनीको मिति २०७९/०७/०६ गते सम्पन्न पाँचौ वार्षिक साधारणसभाले आर्थिक वर्ष २०७८/०७९ को लेखापरिक्षण गर्नका लागि श्री के.ए.एस. एसोसियटस्लाई नियुक्त गरेको हो ।

- **निष्काशन बैंक (Bankers to the Issue) :**
  यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड | CCML-BTI Reliable Nepal Life Insurance IPO | ००१०१०१०००७८६१ |
| २. | हिमालयन बैंक लिमिटेड (साविक सिभिल बैंक लि.) | CCML-BTI RELIABLE NEPAL LIF INS IPO | २०१५५४९७०४०३०२ |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा निष्काशनकर्ता कम्पनी आफैं रहेको छ ।

- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ:**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा RHK & Associates, काठमाण्डौं रहनु भएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :**

- **लेखापरीक्षक :** सो नभएको ।

- **निष्काशन बैंक (Bankers to the Issue):**
  धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा आस्वा प्रणाली मार्फत शेयरको आवेदन हुने भएकोले धितोपत्र बाँडफाँट पश्चात् बाँडफाँटमा परेको धितोपत्र बापतको रकम सम्बन्धित

आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले ३ (तीन) दिनभित्र उक्त रकम निष्काशन बैंकहरु क्रमशः ग्लोबल आइएमई बैंक लि. र हिमालयन बैंक लि. (साविक सिभिल बैंक लि.) मध्ये कुनै एकमा रकमान्तर गर्ने व्यवस्था मिलाइएको छ ।

**ग १६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** लागु नहुने ।

**ग १७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :** विगत तीन वर्षमा कम्पनीको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग १८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा, काठमाण्डौंमा एक कक्षको व्यवस्था गरिएको छ । साथै लगानीकर्ताहरुले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा श्री आँचल भण्डारी फोन नं.९८४०६४५७४५ तथा email:aachal.bhandari@civilcapital.com.np र निष्काशन कम्पनीको कार्यालयमा श्री दिपेश बाबु तिवारी ४२५२३६१८ तथा Email: dipesh.tiwari@reliablelife.com.np बाट आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् ।

**ग १९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग २०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन ।

**ग २१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग २२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु, हालको बीमा बजारको स्थिति, निष्काशनकर्ता बीमा कम्पनीको हालको दक्षता र निष्काशनकर्ता बीमा कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको छ भनी BNK Advisory Private Limited ले प्रमाणित गर्नुभएको छ ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

गत तीन आर्थिक वर्षभित्र सञ्चालकमा भएको परिवर्तन र सो को कारण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ:

| सि.नं. | सञ्चालकको नाम | आर्थिक वर्ष | नयाँ नियुक्ति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १. | श्री राजु कुमार सिवाकोटी | २०७४/०७५ | २०७४/०९/२८ | प्रथम वार्षिक साधारण सभावाट नियुक्त भई मिति २०७६।०७।२२ मा राजिनामा दिनु भएको |
| २. | श्री इन्दिरा श्रेष्ठ मास्के | २०७४/०७५ | २०७४/०९/२८ | प्रथम वार्षिक साधारण सभावाट नियुक्त मिति २०७५।९।२३ मा राजिनामा दिनु भएको |
| ३. | श्री श्रीराम ढकाल | २०७४/०७५ | २०७४/०९/२८ | कार्यकाल समाप्त भएको |

| | | | | |
|---|---|---|---|---|
| ४. | प्रा.डा. श्री प्रकाश भट्टराई | २०७४/०७५ | २०७४/०९/२८ | सञ्चालक समितिको मिति २०७९।०२।२५ को बैठकवाट सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व नभएसम्मको लागि नियुक्त गरीएकोमा पाँचौं वार्षिक साधारण सभावाट अनुमोदित |
| ५. | श्री अञ्जु पाण्डे | २०७४/०७५ | २०७४/०९/२८ | प्रथम वार्षिक साधारण सभावाट नियुक्त भई पुनः चौंथो वार्षिक साधारण सभावाट नियुक्त |
| ६. | श्री इन्द्र शर्मा | २०७४/०७५ | २०७४/०९/२८ | प्रथम वार्षिक साधारण सभावाट नियूक्त भई पुनः चौंथो वार्षिक साधारण सभावाट नियूक्त |
| ७. | श्री गौरव अग्रवाल | २०७४/०७५ | २०७४/०९/२८ | कार्यकाल समाप्त भएको |
| ८. | श्री उदय नेपाली श्रेष्ठ | २०७६/०७७ | २०७६/०७/१७ | रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएकोमा मिति २०७७।०४।११ मा सम्पन्न दोश्रो वार्षिक साधारण सभावाट उक्त नियुक्ती अनुमोदन गरेको मा पुनः चौंथो वार्षिक साधारण सभावाट नियुक्त |
| ९. | श्री महेश शर्मा ढकाल (प्रतिनिधि ग्लोबल आइएमई बैंक लि.) | २०७६/०७७ | २०७७/०५/३१ | रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएकोमा मिति २०७८।०३।०४ मा सम्पन्न तेश्रो वार्षिक साधारण सभावाट उक्त नियुक्ती अनुमोदन गरेकोमा पुनः चौंथो वार्षिक साधारण सभावाट नियुक्त हुन भएकोमा २०७९।०९।२८ वाट बैंकको सेवावाट अवकास लिएको कारणवाट सञ्चालकको रुपमा निरन्तरता नदिने व्यहोरा उल्लेख गर्नु भएको |

**लेखापरीक्षकमा भएको परिवर्तन : लगातार ३ वर्षभन्दा बढी एकै व्यक्तिले लेखापरीक्षण गर्न नपाउने नियमानुसार लेखापरीक्षकमा परिवर्तन हुने गरेको । यस कम्पनीका हालसम्मका लेखा परीक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।**

| **क्र.सं.** | आ.व. | लेखापरीक्षकको नाम | परिवर्तन भएको कारण |
|---|---|---|---|
| १. | २०७६/७७ | लिङदेन पि एण्ड एशोसिएट्स | साविक लेखापरीक्षको लगातार ३ आ.व.लेखापरीक्षण गर्नु भएको कारणवाट |
| २. | २०७७/७८ | के.ए.एस.एशोसिएट्स | केहि समय अडिटिङ्ग प्राक्टीसमा नरहने व्यहोरा कम्पनीलाई जानकारी गराउनु भएको कारणवाट |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : श्री नारायण हरि अधिकारी

ठेगाना : खनालथोक ७, काभ्रे

शैक्षिक : एम.ए./वि.एल.

अनुभव :

* विगत २३ वर्षबाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरी आफ्नो रजिष्टर्ड फर्मबाट सर्वोच्च अदालत लगायतको अन्य अदालतहरुमा वकालत गरिरहेको,
* बिकास बैक लगायत अन्य कम्पनीहरुमा कम्पनी सचिव भई कार्य गरेको,
* बैक तथा वित्तीय संस्थाहरुमा कानूनी सल्लाहकार भै कार्य गरेको,
* बिगत १४ बर्षदेखि सर्वोच्च अदालत बार एशोसिएसनको सदस्यता प्राप्त गरी वकालत गरिरहेको ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०८०/०३/०८ गते बसेको सञ्चालक समितिको बैठकबाट सर्वसाधारणहरुलाई छुट्याएको रु.१,२०,००,००,०००/– बराबरको १,२०,००,००० कित्ता साधारण शेयरमा प्रति शेयर अंकित मूल्य रु.१००।– मा प्रिमियम रु.१५७– थप गरी जम्मा रु.२५७– मा सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकहरु तथा सामुहिक लगानी कोष) तथा कर्मचारीहरुको हकमा अंकित मुल्यमानै सार्वजनिक निष्काशन गर्नको लागि सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसि मल, सुन्धारा, काठमाण्डौंलाई निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्ने निर्णय भएको छ । साथै, सो सम्बन्धी कार्य गर्नका लागि कम्पनीको प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिइएको ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरक्षिण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :** कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा बीमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ :

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३०, ज्ञानेश्वर ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्त भएको सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा, काठमाण्डौं ।

(छ) **बोनश शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनश शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नियम सम्बन्धी व्यवस्था अनुसार बोनश शेयर जारी गर्न सकिनेछ ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा कूल १,२०,००,००० शेयर प्रति शेयर अंकित मूल्य रु.१००।- दरमा प्रिमियम रु.१५७।- थप गरी जम्मा रु.२५७।- को दरले सार्वजनिक निष्कासन हुने र सो मध्ये नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको १० प्रतिशत अर्थात १२,००,००० कित्ता शेयर, सामुहिक लगानी कोषहरुको लागि छुट्टाइएको ५ प्रतिशत अर्थात ६,००,००० कित्ता शेयर र कम्पनीका कर्मचारीहरुको लागि छुट्टाइएको ५ प्रतिशत अर्थात ६,००,००० कित्ता शेयर सुरक्षित गरिएको छ । यसरी सुरक्षित गरी छुट्याइएको शेयर मध्ये श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिक र सामुहिक लगानी कोषको हकमा प्रिमियम दर रु.२५७।- तथा कम्पनीका कर्मचारीहरुको हकमा प्रति शेयर अंकित मुल्य रु.१००।- को दरले शेयर निष्कासन गरिने छ । कर्मचारीहरुको हकमा कम्पनीको सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ तथा सामुहिक लगानी कोषको हकमा सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँट गरिनेछ । नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहेका नेपाली नागरिकहरु, कर्मचारी तथा सामुहिक लगानी कोषहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँट गरिनेछ ।

(झ) **बीमा कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। कम्पनीका कुनै पनि सञ्चालक तथा आधारभुत शेयरधनीहरु कालोसुचीमा नरहेको साथै योग्य रहेको कम्पनीको उद्घोषण रहेको छ । साथै, यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.ब. २०७८/०७९ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस कम्पनी अद्यावधिक रहेको ब्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०३/०४ च.नं.: ९०१३४/०७९/८० का पत्रबाट प्राप्त भएको छ ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत् निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरुबाट आवेदन दिनसक्ने ब्यबस्था गरिएको छ ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., स्टार मल, पाँचौ तल्ला, पुतलीसडक, काठमाण्डौंबाट रेटिङ्ग गराई **"[CARE-NP BBB+ (Is) [Triple B+ (Issuer)]"** प्रमाणपत्र प्राप्त गरेको छ । **"[CARE-NP BBB (Is) [Triple B (issuer)]"** ले मध्यमस्तरको क्रेडिट जोखिम (Moderate Credit Risk) भन्ने बुझिन्छ । केयर रेटिङ्ग नेपाल लि. ले **CARE-NP AA (Is)** देखि **CARE-NP C (Is)** सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड **"CARER-NP AA(Is)"** ले सकारात्मक आधार जनाउँछ भने **"CARER-NP C (Is)"** ले नकारात्मक आधारहरू जनाउँछ । केयर रेटिङ्ग नेपाल लि. ले यस कम्पनीलाई मिति २०८०/०३/०४ (तदनुसार १९ जुन, २०२३) गतेको पत्रबाट क्रेडिट रेटिङ्ग प्रदान गरेको हो र सो क्रेडिट रेटिङ्गको बहाल रहने अवधि मिति २०८१/०३/०३ (तदनुसार १० जुन, २०२४) सम्म रहनेछ ।

(ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्का**शन** तथा बिक्री प्रबन्धक सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसि मल, सुन्धारा, काठमाण्डौं रहेको छ ।

(ड) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरका दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) सकारात्मक पक्षहरु :**

१) अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस कम्पनीको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।

२) लब्ध प्रतिष्ठित व्यवसायी, अर्थविद, बैंकर, कानून व्यवसायी, प्राध्यापक लगायतका प्रतिष्ठित व्यक्तित्वहरु एवं वाणिज्य बैंक लगायतका संस्थाहरु प्रवर्द्धकहरु रहेका छन् ।

३) स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट बीमा व्यवसाय सेवा प्रदान गर्दै आइरहेको ।

**(ण) धितोपत्र बिक्रि खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि १५ (पन्ध्र) दिनको हुनेछ । उक्त अवधिमा वैदेशिक रोजगारीमा गएका सार्वसाधारणका लागि निष्काशन गरेको शेयर पूरा बिक्री नभएमा उक्त बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा ४(चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५(पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**(ग) २३ सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीका सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं | नम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री अञ्जु पाण्डे पन्त | सञ्चालक | |
| ३. | श्री इन्द्र प्रसाद शर्मा | सञ्चालक | |
| ४. | श्री शरद चन्द्र पौडेल | स्वतन्त्र सञ्चालक | |
| ५. | श्री डा. प्रकाश भट्टराई | सञ्चालक | |

## ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

पब्लिक कम्पनी दर्ता नं. ११०३/०६५/०६६ नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को कार्य गर्न स्वीकृति प्राप्त

सिभिल क्यापिटल मार्केट लि.
Civil Capital Market Ltd.

Estd. 2008
Civil Capital Market Ltd.

- निष्काशन तथा बिक्री प्रबन्ध
- धितोपत्र प्रत्याभूति
- शेयर रजिष्ट्रेशन
- लगानी व्यवस्थापन
- निक्षेप सदस्य

Address : 6th Floor, CTC Mall, Sundhara, Kathmandu, Tel: 01-4262303, 4261251, 4259437, 4251962
Fax: 977-01-4248890, Email: ccm@civilcapital.com.np, Website: civilcapitalmarket.com

च.नं.:१८६२/२०७९/०८०

मितिः २०८०/०३/०५

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

बिषय : ड्यू डेलिजेन्स् सर्टिफिकेट बारे ।

महाशय

का.म.न.पा.वडा नं. ३०, ज्ञानेश्वर, काठमाण्डौ, ठेगाना भएको **श्री रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले** सर्वसाधारणका लागि निष्काशन तथा बिक्री आब्हान गर्न लागिएको रु.१००/–( अक्षरेपी एक सय रुपैयाँ मात्र) मा प्रिमियम वापत रु.१९९( अक्षरेपी एक सय उनान्न सय रुपैया मात्र) थप गरी रु.२९९ (अक्षरेपी दुई सय उनान्न सय रुपैया मात्र ) दरको १,२०,००,००० कित्ता साधारण शेयरको दश प्रतिशत (१०%) अर्थात १२,००,००० (अक्षरेपी बाह्र लाख मात्र) कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको, पाँच प्रतिशत (५%) अर्थात ६,००,००० (अक्षरेपी छ लाख मात्र) कित्ता शेयर सामूहिक लगानी कोष (५%) को लागि छुट्याइएको, ५ (पाँच) प्रतिशत अर्थात ६,००,००० (अक्षरेपी छ लाख मात्र) कित्ता शेयर कम्पनीको मिति २०७९/०७/०६ गते बसेको वार्षिक साधारण सभाबाट पारित भए बमोजिम प्रति शेयर अंकित मूल्य रु.१००।– को दरले कम्पनीका कर्मचारीहरुको लागि सुरक्षित गरी बाँकी रहने ९६,००,००० (अक्षरेपी छ्यानब्बे लाख मात्र) कित्ता साधारण शेयरहरुको प्रारम्भिक सार्वजनिक शेयरको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस संस्था मञ्जुर गर्दछ । शेयर जारी गर्ने क्रममा धितोपत्र कारोबार सँग सम्वद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्वन्धमा देहायका कुराहरुमा यस कम्पनीको तर्फबाट प्रतिबद्धता गरिएको छ ।

१. कम्पनीको "विवरणपत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनी वाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्धत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा कम्पनलि गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र संग सम्बन्धित कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्धारा निष्काशित धितोपत्र, सम्बन्धित ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरीकावाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छौं ।

५. हामीले त्यस बोर्डवाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली ,२०७३ मा उल्लेखित सवै कुराहरु अध्ययन गरेको छौं । उक्त व्यवस्थाहरु संग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट

सिभिल क्यापिटल मार्केट लिमिटेडको तर्फबाट
नाम : शोभना घिमिरे
पद : नि. प्रमुख कार्यकारी अधिकृत
सही :

कार्यालयको छाप :

Estd. 2008
Civil Capital Market Ltd.

*A Subsidiary of Civil Bank Limited*

ग २५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :


R.H.K. & Associates

Chartered Accountants

Sarkaridhara, Samakhusi
Kathmandu, Nepal

Phone: 9862788888

Email ID: kandelrhk91@gmail.com


**Report on Examination of Prospective Financial Information**

**Of**

**Reliable Nepal Life Insurance Limited**

We have examined the projected financial statements for Financial Years 2079/80, 2080/81, 2081/82, 2082/83 and 2083/84 of Reliable Nepal Life Insurance Limited in accordance with Nepal Standards on Assurance Engagements applicable to the examination of Prospective Financial Information (NSAE 3400). Management of Reliable Nepal Life Insurance Limited is also responsible for the projection including the assumptions set out in Annexure "A" on which it is based.

This projection has been prepared for the purpose of Initial Public Offering (IPO) of equity shares of the company. This projection has been prepared using the assumptions that include hypothetical assumptions about future events and managements actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe us that these assumptions do not provide a reasonable basis for the projection assuming the assumptions set out in Annexure "A" on which it is based. Further, in our opinion the projection is properly prepared on the basis of assumptions and is presented in accordance with applicable Accounting Standards.

Even if the events anticipated under the hypothetical assumption described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

Our examination does not, in any way, provide assurance for investors to invest on the shares of the company, hence we do not accept our liability towards investment decision made by investors

R.H.K. & Associates, Kathmandu, Chartered Accountants

Date: 2080-03-07

Place: Kathmandu

UDIN: 230623CA012949VFNP

CA Ram Hari Kandel

Proprietor

R.H.K. & Associates

(Chartered Accountants)